त्यसैगरी अर्का अतिथि कृषि विकास बैंक रामशाह पथका लघु उद्यम विभागका प्रमुख प्रेम खनालले सरकार र हामी कहाँ जादैछौं। बैंकले कृषकहरूलाई के गर्न सक्छौं। तपाईहरूले राखेको कुरामा म सहमत छु। राज्यबाट ५ प्रतिशत अनुदान पाउनु हुन्छ। आधा भन्दा बढी किसानले त्यस्तो सहुलियत ऋण पाउनु सकेन। ५ प्रतिशत अनुदान झोले कृषकले पाउने र वास्तविक किसानले नपाउने अवस्था छ। अब राष्ट्र बैंकले सबै बैंकहरूलाई विषयगत बाली सुरक्षण विमा गर्ने निर्देशन दिएको छ। २५ प्रतिशत किसान र ७५ प्रतिशत करार अनुदान विमा समिति बनाउने छ। समस्या छ वन्यजन्तुले क्षति गऱ्यो भने वन्यजन्तुले दिनेकी विमाले ? किसानले उत्पादन र राज्यले लगानी गरिनु पर्छ। वीमाले उत्पादन अवधिको मात्र क्षतिपूर्ति दिन्छ। तर बजार पाएन भने कसले दिन्छ ? कुन बाली आवश्यकता छ भनेर किसानलाई देखाउनु पऱ्यो। किसानको पक्षमा सबैपक्ष औचित्य हुने गरी जागरुक हुनै पर्छ। नीतिगत रुपमा

सोच्नै पर्छ । राज्यले नीतिगत रुपमा लगानी गरेको छ तर व्यवहारिक रुपमा व्यवस्थापन गर्न सकेको छैन । जसको ओत लाग्ने घर छैन भने जस्तै हो । पढेर आएपछि युवाहरू विदेशिनु परेको छ । कृषि विकास बैंक कमर्शियल बैंक हो । वजेट पनि वाणिज्य बैंकको जस्तो धेरै हुँदैन ।

त्यसैगरी अर्का अतिथि प्रकाश न्यौपानेले कानून मन्त्रालयलाई सर्वोच्चले आदेश गरेपनि एउटै कुरालाई बारम्वार उठाउनु भन्दा वन मन्त्रालयबाटै ड्राफ्ट गरेर आयो भने सहजीकरण गर्न सजिलो हुन्छ । कृषि प्रवर्द्धन नीति मन्त्रालय पारित हुने अवस्था छ ।

त्यसैगरी अर्का अतिथि कृषि पशुपन्छी विकास मन्त्रालयका नीति समन्वय शाखाका कृषि अर्थ विज्ञ दयानन्द बज्रचायले निर्देशिका बनेको बताउँदै निर्देशिका बनाउँदा त्यतिबेलै संशोधन गर्न सकेको भए समस्याको समाधान हुने थिएन भन्नु भयो । यसमा मुख्य भूमिका वनको हुनु पर्छ । तत्काल वन मन्त्रालयमा प्रेसराइज गर्नुपर्छ । निर्देशिकामा क्षेत्रीय वन रहेकोछ अहिले पनि वनको संरचना क्षेत्रीय संरचनामै कायम छ ।

त्यसैगरी अर्का अतिथि राष्ट्रिय किसान आयोगका सदस्य तथा नेपाल किसान संघका अध्यक्ष वसन्ती घिमिरेले नेपाली किसानले २९ प्रतिशत कुल ग्राहस्थ उत्पादन दिएको बताउँदै सम्बन्धित संघ संगठनहरूसँग समन्वय गरेर कार्यन्वयन गर्ने निकाय सरकारनै भएको बताउनु भयो । घिमिरेले भन्नुभयो राज्यले किसानलाई तल्लो वर्गमा हेरिएको छ । प्यान भ्याटका विषय आईरहेको छ । किसानको प्रतिनिधीहरू सम्वेदनशील नभईकन समस्याको समाधन हुन सक्दैन । वास्तविक किसानले २ रुपैयाँ पनि अनुदान पाएको छैन । जसले कृषि गर्दैन उसले २ वटा गाई पालेर २० लाख अनुदान लिन्छ । उत्पादनमा आधारित किसानलाई सहयोग पाउनु पर्छ । जबसम्म किसानको वर्गिकरण हुँदैन तबसम्म समस्या रहिरहन्छ । र वर्गिरकरण नीति तयार भएपछि सरकारले २१ करोड वजेट छुट्याएको छ । पहिलो चरणमा ७ वटै प्रदेशमा ७ वटा जिल्लाबाट वर्गिकरण थालिने भएको छ ।

त्यसैगरी राष्ट्रिय किसान महासंघका अध्यक्ष नवराज वस्नेतले बाँदरको समस्या घर-घरमा पुगेको छ । अदालती प्रक्रिया अनुसार फैसलामा किसानले लगाएको खेतीपातीको नोक्सानी वापत क्षतिपूति दिने व्यवस्था छ ।

त्यसैगरी अर्का अतिथि किसानको पक्षमा क्षतिपूर्ति पाउनु पर्छ भनेर वहस पैरवी गर्दै आउनु भएका अधिवक्ता पदम श्रेष्ठले बाँदरलाई आफ्नो पुर्खाको रुपमा चित्रित गर्दै "आफ्नो पुर्खासँग जुध्नु पर्ने अवस्था आएको बताउनु भयो । " अन्नबाली तथा फलफूल लगायत खेतीको संरक्षण गर्न सरकारको कर्तव्य भएको बताउदै "जसरी हामी गाउँबाट शहरमा पस्यौं, त्यसैगरी बाँदरहरू पनि शहरमा पस्न थालेको छ ।" श्रेष्ठले भन्नु भयो ।

नेपालको संविधानमा धारा २५ मा नागरिकको मौलिक हक रक्षा गर्नुपर्ने उल्लेख छ । आसामी रातो बाँदर संरक्षित छ । वन्य जन्तुबाट भएको क्षतिपूर्ति पाउन संविधानको अनुसूची १ मा पर्नुपर्ने हाम्रो लडाई हो । कानूनमा बाघ, भालु, हात्तीले क्षति पुऱ्याए १० लाखदेखि १० हजारसम्म क्षतिपूर्ति दिने व्यवस्था छ । तर भारतको कतिपय राज्यमा बाँदरको कारणबाट समस्या ग्रस्ट क्षेत्र छ भने बाँदरलाई गोली हान्ने आदेश दिएको छ ।

सरकारले अनुसूचिमा नगरे पनि निर्देशिकामा राहत उपलब्ध गराउन सकिन्छ । यस विषयमा पनि किसानहरू माथि सरकारले ठगेको छ । निर्देशिकाको दफा २ क)मा ११ जातका वन्य जन्तुले क्षतिपुऱ्याए वापत क्षतिपूति दिने व्यवस्था छ तर बाँदरबाट हुने क्षति नसमेतिएको कारण त्यस्तो व्यवस्था हुन नसकेको बताउनु भयो । "नेपालमा आसामी रातो बाँदरको शिकार गर्न पाइदैन ।" उक्त प्रजाति भित्र सबै बाँदर पर्दैन । अर्ना भैंसी संरक्षित क्षेत्रभित्र पर्दैन । त्यस विषयलाई पनि थप गर्न महासंघको तर्फबाट निवेदन दिए पुग्छ । त्यसलाई पनि क्षतिपूर्ति दिने अनुसूचीमा राख्न सकिन्छ । "न्याय मागेर पाईदैन भने खोसेर पनि लिनु पर्छ भन्ने छ ।" अदालतको अपहेलना गऱ्यो भनेर मुद्दा हाल्न सकिन्छ । तर त्यतिसम्म पुग्न पर्दैन होला । सर्वोच्चको फैसला पनि ठूलो उपलब्धी हो ।

कार्यक्रमका प्रमुख अतिथि तथा अखिल नेपाल किसान महासंघका संयोजक पूर्व कृषि मन्त्री हरि पराजुलीले सर्वोच्च अदालतले जारी गरेको फैसला कार्यन्वयन र क्षतिको मुल्याङ्कन गर्ने कार्यविधि के हो ? वर्डफुल नियन्त्रण गर्ने ठूलो समस्या थियो । चैत्रमा वर्डफ्लु भयो साउनमा निर्देशिका र वजेट आयो किसानहरू धाउँदा-धाउँदै २ वर्ष बित्यो । मैले अर्थ मन्त्रालयबाट २६ रुपैया दिने निर्देशिका बनाएर दियो । तल कसले मापन गर्ने ? सरकारको पनि दृष्टि पुग्दैन !

१ वटा पोखरी खन्नलाई १ लाखबाट ३ लाख दिने भनेर बोलि हाल्यो प्रधान मन्त्री सुशील कोइराला हुँदा ५ करोड रुपैयाँ अर्थ मन्त्रालयलाई निकासा गर्न लगायो । हुँदो के रहेछ भने विचौलिया जस्तो अगुवा नेताहरूले त्यसमा पनि खेलवाड गर्दो रहेछ । कुनै नेताहरूले १५ हेक्टरमा जमिनमा माछा पालन हुन्छ भन्यो । १८ प्रतिशत त मिली भगतमै खाँदो रहेछ । म थोरै कृषिका पनि विद्यार्थी हुँ, जिन टर्मिनोलजि छ । अलि अलि त मैले पनि कृषि जानेको छु । कृषिको क्षेत्रमा अरु नेता भन्दा मैले धेरै जान्दछु । म आज पनि अपटुडेट छु । सेमिनार गोष्ठीहरूमा भाग लिन्छु । थर्डवर्ल्ड जिएमओ अभियान चलाउँछु ।

अब मन्त्रालयमा लबिङ्ग गर्नु पर्छ । ६० प्रतिशत नबढ्ने गरि तपाईको सरकार छ । सर्वोच्चले ऐन बनाएर कार्यन्वयन गर भनिसकेको छ । आवश्यकीय छिटो कुहिने र बिग्रने वस्तुहरूको लागि छुट्टै कार्यविधि बनाउनु आवश्यक छ । माथिको हाकिमको दबावले सिर्जना प्रयोग गर्न पाउँदैन । नेपालको बैंकहरू पैसा बेच्ने संस्थानहरू हुन् । म मन्त्री हुँदा १ अर्ब छुट्याएका थिए ७ महिनामा पनि कार्यन्वयन भएन । मोटर जाने बाटो भनियो, पछि अपरेटिङ्ग कस्ट पुगेन भनियो, त्यही बनाउनमा २ महिना अल्झियो । दोष लगाए पछि उम्कन पाउने भयो ।

पराजुलीले अब बाँदरबाट जोगिन मैले नयाँ योजना बनाएको छु जुन योजना नेपालको लागि अति उपयुक्त छ । त्यो हो बाँझो रहेको जमिनमा रेशमखेतीको विस्तार गर्ने हो । जहाँ बाँदरले अतिक्रमण गर्छ त्यहाँ किम्वु खेती गर्ने हो । किम्वुको कोयाबाट कपडा बनाउने हो । १ रोपनी जमिनमा ५५ वटा बोट रोप्न सकिन्छ । २ लाख ६४ हजार हेक्टर जमिन बाँझो छ । त्यसलाई सदुपयोग गर्न कोको उत्पादन गरेर आर्थिक उपाजर्न गर्न सकिन्छ । साथै राष्ट्रिय कृषक महासंघका अध्यक्ष नवराज बस्नेतले बाँदरबाट पुऱ्याएको क्षतिको विषयमा छिटो भन्दा छिटो सम्बन्धित निकायलाई प्रेसर दिने बताउनु भयो । अध्यक्ष बस्नेतले अहिले आफूले एक घोगा मकै पनि लगाउदिन, भन्दै बाँदरको कारण तेजपात लगाउने बाध्य भएको बताउनु भयो ।

*कार्यक्रमको अध्यक्षता महासंघका अध्यक्ष नवराज बस्नेत, कार्यक्रम सञ्चालन महासचिव रिता वस्ताकोटीले गर्नुभएको थियो ।*



# FAO report cites 41 countries needing external assistance for food

**Dry weather and protracted conflicts are primary drivers**

Farmers in Syria have been able to plant more acreage this year.

**19 September 2019, Rome -** Some 41 countries continue to be in need of external assistance for food, with conflicts acting as the primary cause of high levels of food insecurity and adverse weather conditions - particularly rainfall shortages in Africa - acutely affecting food availability and access for millions of people, a quarterly report by the United Nations says.

The countries on the list, which include 31 in Africa, remained unchanged over the last six months, according to the Crop Prospects and Food Situation report issued today by the Food and Agriculture Organization.

The 41 countries currently in need of external food assistance are: Afghanistan, Bangladesh, Burkina Faso, Burundi, Cabo Verde, Cameroon, Central African Republic, Chad, Congo, Democratic People's Republic of Korea, Democratic Republic of Congo, Djibouti, Eritrea, Eswatini, Ethiopia, Guinea, Haiti, Iraq, Kenya, Lesotho, Liberia, Libya, Madagascar, Malawi, Mali, Mauritania, Mozambique, Myanmar, Niger, Nigeria, Pakistan, Senegal, Sierra Leone, Somalia, South Sudan, Sudan, Syrian Arab Republic, Uganda, Venezuela, Yemen and Zimbabwe.

Meanwhile, cereal harvests promise to be strong in several countries of Latin America and Asia, while improved security conditions helped boost crop production in the Syrian Arab Republic.

**Conflicts drive hunger**

About half of the 41 countries needing external assistance for food are home to civil unrest or full-fledged conflict, while others face severe resource strains due to large influxes of refugees from neighboring countries experiencing unrest.

In Afghanistan, 3.6 million people are reported to be in "emergency" (IPC Phase 4) levels of food insecurity, with another 10 million at "crisis" (IPC Phase 3) levels. In South Sudan, about 6.35 million people, or 54 percent of the total population, are estimated to be severely food insecure.

In Syria, while the increased output of the 2019 wheat harvest improved cereal availability in the country, still some 6.5 million people are food insecure with an additional 2.5 million people at risk of food insecurity without appropriate livelihood support.

Conflict and civil insecurity are also primary drivers of food insecurity in Burundi, Cameroon, Democratic Republic of Congo, Yemen and parts of Myanmar and Nigeria.

In Venezuela, hyperinflation has severely eroded local purchasing power, generating acute constraints on households' access to food, while cereal production is expected to decline due to a lack of agricultural inputs. Some 4.3 million people have left the country and settled in neighboring countries, where their humanitarian needs are "significant", the report says.

**Scarcity of rains**

Poor precipitation, including severe dryness in East Africa, is exacerbating the food insecurity situation in several countries in the region.

Overall cereal output in East Africa in 2019 is forecast to drop by 5.6 percent from 2018, with the sharpest output contractions expected to be recorded in Kenya and the Sudan. Prices of maize and sorghum have risen sharply to high levels around the region. Food security has deteriorated most sharply in Kenya and Somalia.

To the west, hydro-meteorological stations in Mauritania registered large seasonal rainfall deficits by mid-August and remote-sensing analysis for grassland conditions in parts of the country indicated the lowest level of biomass production in the last 20 years. Similar situation is reported in northern Senegal.

Adverse weather conditions halved the 2019 cereal harvest in Zimbabwe, where the number of food insecure people is expected to almost double in early 2020 compared to the same period the year before. Similar developments are expected in several neighboring countries.

Crop production in the Democratic People's Republic of Korea is forecast to be smaller than usual, due to below-average rains and low water irrigation availabilities in the second trimester of 2019. Around 40 percent of the population are estimated to be food insecure and in urgent need of food assistance according to the results from a joint FAO/WFP rapid food security assessment conducted last April.

All told, FAO expects the 2019 aggregate cereal production for the 51 Low-Income Food-Deficit Countries (LIFDCs) to remain broadly unchanged at 473.5 million tonnes, a result emanating from growth in Asia offset by declines in Africa.

# Mechanization powers the way to Africa's sustainable development

**TICAD7 hears renewed calls for sustainable agricultural mechanization in Africa**

Agriculture is crucial to Africa's development but needs increased mechanization to boost economic productivity, reduce harvest and post-harvest losses and meet growing demand for food.

**30 August 2019, Yokohama -** Agriculture is crucial to Africa's development but needs increased mechanization to boost economic productivity, reduce harvest and post-harvest losses and meet growing demand for food. This is one of the messages that has emerged during the seventh Tokyo International Conference on African Development (TICAD7) held in Yokohama, Japan.

Sub-Saharan Africa has the world's highest area of uncultivated arable land but productivity lags far behind other developing regions. Yields are only around half of the international average, far below the growth levels needed to keep pace with food demand driven by population growth. Mechanization can dramatically improve the yield gap.

At a TICAD7 side-event hosted by the Coalition for African Rice Development (CARD), a framework for sustainable agricultural mechanization in Africa was presented by the African Union Commission (AUC) and the Food and Agriculture Organization of the United Nations (FAO).

"Through appropriate mechanization, small scale farming can be transformed into a more market-oriented business, improving labour productivity and helping enable farmers to lift themselves out of poverty. To achieve this, we need to enhance access to mechanization services," FAO Director-General Qu Dongyu said in his speech at the event.

"We need to relieve farmers of hard manual labour, particularly women, who have the double burden of working in the fields as well as caring for their households," the FAO Director-General added.

The framework, which was launched last year and is gaining traction in the region, aims to help countries replace antiquated tools with modern mechanization methods to achieve food security, agricultural development and overall economic growth.

It sets out priority elements for national mechanization strategies, including learning from other parts of the world where significant transformation of the agricultural sector has already occurred within a three-to-four decade timeframe, and supports the development of policies and programmes to realize Africa's goals.



**Unharnessed power**

Mechanization in the 21st century can provide much-needed support to the entire agricultural value chain. Driven by the private sector, mechanization should be environmentally-competitive, climate-smart, economically viable and affordable, especially to small-scale farmers who constitute the bulk of African farmers. It should also target youth specifically to make agriculture more attractive for employment and entrepreneurship.

Full mechanization along the value chain includes enhancing access to mechanization services, improving access to quality and affordable inputs, such as seed and fertilizer, delivering efficient water resources management systems including irrigation, and reducing harvest and post-harvest losses through threshing, drying, and storing, adding value through milling, processing and packaging, and improving market access through transportation.

FAO is organizing regional and national training workshops to support small-scale mechanization in Africa, and is supporting national governments to develop strategies based on the FAO/AUC Framework for Sustainable Agricultural Mechanization in Africa.



# अदुवा उत्पादनमा उन्नत प्रविधि

नेपालको परिप्रेक्षमा सरदर ४० मे. टन प्रति हे. उत्पादन क्षमता भएको अदुवाको पुष्टि राष्टि-य अदुवाबाली अनुसन्धान कार्यक्रम कपुरकोटले गरेको अवस्थामा देशमा केवल १०.१८५ मात्र अदुवाको औषत उत्पादन हुने गरेको पाईन्छ।

✍कमल न्यौपाने

**१.पृष्ठभूमिः**

अदुवालाई अंग्रेजीमा Ginger भनिन्छ र यसको वैज्ञानिक नाम ZingiberofficinaleRosc हो.माटो भित्र फाल्ने रुपान्तरित डाँठ प्रमुख महत्वको भाग हो .अदुवाको खेति वानस्पतिक प्रशारणबाट गरिन्छ। सर्वप्रथम अदुवाको खेति दक्षिण पूर्वी एसियाबाट भएको मानिन्छ .अदुवा औषधिको लागि मात्र नभई खाद्य परिकारमा प्रयोग हुने उच्च स्तरिय एवं स्वास्थ्यवर्द्धक मसलाको रुपमा पनि त्यतिकै प्रख्यात छ। अदुवा ताजा, सुकेको सुठो, वा धुलोको रुपमा विभिन्न खाद्य वस्तु जस्तै माछा मासु, तरकारी, चिया औषधि उपचारमा प्रयोग गरिन्छ भने यसबाट पेय पदार्थ जस्तै सर्वत, रक्सी तयार गरिन्छ। यसका अलावा काँचो अदुवाबाट क्याण्डि, जिन्जर क्रिस्टल, मुरव्वा जस्ता परीकारहरू बनाउन सकिन्छ।

अदुवाको सुठोमा १५५ वासनायुक्त तेल र ६५ ओलियोरेजिन पाईन्छ भने काँचो अदुवामा १२.३५ कार्वोहाईड्रेट, २.३५ प्रोटिन ०.९ प्रतिशत बोसो र केही मात्रामा भिटामिन एवं खनिज पदार्थहरू पाईन्छ। विश्वको चौथौं अदुवा उत्पादन गर्ने देश नेपालमा आ.व २०७५ र २०७६ मा २३८२५.६ हे. मा अदुवा खेती गरी २४२५४६.९ मे.टन उत्पादन भएको छ। नेपालका प्रमुख अदुवा उत्पादन हुने जिल्लाहरूमा ईलाम, सल्यान, पाल्पा, नवलपरासी, डोटी, मकवानपुर ईत्यादी हुन्। नेपालको परिप्रेक्षमा सरदर ४० मे. टन प्रति हे. उत्पादन क्षमता भएको अदुवाको पुष्टि राष्टि-य अदुवाबाली अनुसन्धान कार्यक्रम कपुरकोटले गरेको अवस्थामा देशमा केवल १०.१८५ मात्र अदुवाको औषत उत्पादन हुने गरेको पाईन्छ। अदुवाको उत्पादन तथा उत्पादकत्व बढाउन सकिने प्रशस्त सम्भावनाहरू छन्।

२.हावापानी, माटोः

**हावापानीः**

समुन्द्री सतह देखी १६०० मि. उचाई सम्मको न्यानो तथा ओषिलो हावापानीमा अदुवाखेति सफलताका साथ गर्न सकिन्छ। यसका लागि २० डिग्री से. देखी ३० डिग्री से. सम्मको तापक्रम राम्रो हुन्छ भने अधिकतम ३५ डिग्री से. सम्म यो बालीले सहन सक्दछ। लगाउने समयदेखी गानो टुसाउने बेलासम्म हल्का वर्षा हुने, बाली अवधिमा अलि धैरै तर राम्रोसँग वितरित वर्षा हुने तथा बाली लिन एक महिना अगाडिदेखी सुख्खा हुने ठाँउमा अदुवा खेति पुर्ण सफलताका साथ गर्न सकिन्छ।



**माटोः**

प्रसस्त प्राङ्गारिक पदार्थ भएको मलिलो, पानीको निकासको व्यवस्था राम्रो भएको, राम्रोसँग हावा खेल्न सक्ने दोमट माटो अदुवा खेतिको लागि सबैभन्दा उपयुक्त मानिन्छ। एकदमै चिम्टाईलो खस्रो, बालुवायुक्त माटो बाहेक सबै खालको माटोमा अदुवा खेती गर्न सकिन्छ। पि.एच. ५.५ देखि ६.५ सम्म भएको माटोमा खेती राम्रोसँग हुन्छ।

३.बाली लगाउने समय, जातः

**बाली लगाउने समयः**

सामान्यतया मध्य पहाडी क्षेत्रमा चैत्रको शुरुतिर अदुवा लगाउन उपयुक्त हुन्छ भने चाँडो पानी पर्न शुरु हुने पूर्वी मध्य पहाडमा फाल्गुणको मध्यबाटनै लगाउन शुरु गर्न सकिन्छ। तल्लो उचाईमा तापक्रम उच्च हुने हँदा पानी परेपछि मात्र अदुवा लगाउँदा ठीक हन्छ।

**अदुवाको जातः**

स्थानिय स्तरमा अदुवालाई रेसाको मात्रा हेरी धैरै रेसा भएको लाई नशे, र कम रेसा भएको लाई बोसे भन्ने प्रचलन छ। अधिराज्यका विभिन्न स्थानहरूबाट संकलित अदुवाका लाईनहरू मध्य ZI ९७२९, ZI ८५०६, ZI ८५०२ र ZI ८५०४ उत्पादनका दृष्टिले उत्कृष्ट मानिएका छन्। हालसम्म नेपाल कृषि अनुसन्धान परिषद् अदुवा बाली अनुसन्धान कार्यक्रम कपुरकोट सल्यानले २०५६ सालमा आवश्यक न्युनतम् गुण भएका कपुरकोट अदुवा १ जात र २०७२ र ७३ मा कपुरकोट २ जात खेतीको लागि सिफारिस गरेको छ।

४.जग्गाको तयारी, लगाउने तरिका, मलखाद व्यवस्थापनः

**जग्गाको तयारीः**

अदुवा खेतीका लागि गहीरो खनजोत आवश्यक पर्ने भएको हुँदा जमीन तिनचार पटक जोतेर वा खनेर झारपात हटाएर र आवश्यक ठाउँबाट पानी तर्काउने कुलेशो बनाई पानी नजम्ने व्यवस्था मिलाउनु पर्छ। अन्तिम जोताईमा गोठेमल प्रयोग गरी माटोमा मिलाउन पर्दछ।

**लगाउने तरिकाः**

अदुवा लगाउँदा एक हारदेखि अर्को हारको दुरी ३० से.मी. कायम गरी एक बोट बाट अर्को बोट ३० से.मी. टाढा राखी ७–१० से.मी. गहिरो कुलेशोमा बीउ गानो रोप्नु पर्छ। प्रत्येक ४/५ लाईन पछि ४०/५० से.मि. खाली ठाउ छोड्न पर्छ। यसले पछि बारीमा आवत् जावत् गर्न, गोडमेल गर्न, छापो मिलाउन, बरुनी निकाल्न, विषादी छर्न, बाली हेरचाह गर्न सुविधा हुन्छ।

**मलखाद व्यवस्थापन:**

अदुवा एउटा खन्चुवा बाली भएकाले यो लगाएपछि माटोबाट धेरै खाद्यतत्व नित्रिन्छ। अदुवा माटोमा फल्ने रुपान्तरित काण्ड भएकाले

> अदुवा लगाउँदा एक हारदेखि अर्को हारको दुरी ३० से.मी. कायम गरी एक बोट बाट अर्को बोट ३० से.मी. टाढा राखी ७–१० से.मी. गहिरो कुलेशोमा बीउ गानो रोप्नु पर्छ। प्रत्येक ४/५ लाईन पछि ४०/५० से.मि. खाली ठाउ छोड्न पर्छ। यसले पछि बारीमा आवत् जावत् गर्न, गोडमेल गर्न, छापो मिलाउन, बरुनी निकाल्न, विषादी छर्न, बाली हेरचाह गर्न सुविधा हुन्छ।

क्र.सं.मलखादको नाम, मात्रा प्रति रोपनी, प्रयोग गर्ने समय
१. गोठे मल ५०–६० डोका जग्गा तैयार गर्ने समयमा
२. तोरीको पिना १०० के.जी. लगाउने समयमा
३. डि.ए.पी ५ के.जी. लगाउने समयमा
४. युरीया६ के.जी. ३ के.जी. उम्रेको एक महिनामा
र ३
के.जी. उम्रेको दुई महिनामा
५. म्यूरेट अफ पोटास ४के.जी.
२ के.जी. लगाउने समयमा र २ के.जी.
उम्रेको दुई महिनामा
५.बिउ दर, बीउ गानोको छनोट:

माटोमा चिस्यान बचाई राख्न यसलाई मुख्य गरी प्राङ्गारिक मलको आवश्यकता पर्दछ। सिफारीस मलखादको मात्रा र प्रयोग विधि :

**बिउ दर:**

बीउको मात्रा गानोको आकार, मोटाई, जात तथा लगाउने तरिका अनुसार फरक पर्दछ। सामान्यतया: ५० देखि ६० ग्राम आकारको बीउ रोप्दा प्रति रोपनी औषत २५० किलो बीउ लाग्दछ।

**बिउ गानोको छनोट:**

अदुवाको सफल खेतीका लागि बीउ गानोको उचित छनौंटनै एउटा महत्वपूर्ण पुर्वाधार हो। त्यसैले बीउ गानोको छनौंट गर्दा रोगकिरा नलागेको स्वस्थ ५०-६० ग्रामको, पोटिलो, नकाटिएको, बोक्रा नखुइलिएको, लामो टुसा नभएको छान्नु पर्छ।

**६. बीउ उपचार:**

गानो कुहिने रोग न्यूनिकरण गर्नको लागि रा.अ.वा.अ.का.सल्यानले अदुवाको बीउलाई २ पटक उपचार गर्नको लागि सिफारिस गरेको छ। पहिलो बीउ भण्डारण गर्नु अगाडि र दोस्रो लगाउनु अघि। खायन अदुवाको लागि बीउ उपचार गरिदैन।

❍ भण्डारण गर्नु अघि प्रयोग गरीने विषादी: डाईथेन एम –४५ वा ईन्डोफिल एम –४५ प्रति लि. पानीमा २.५ ग्रामका दरले।

रु रोप्नु अघि प्रयोग गरिने विषादी:

❍ ईन्डोफिल एम –४५ प्रति लि. पानीमा २.५ ग्राम र वेभिष्टिन १ ग्रामका दरले।

❍ ट्राइकोडर्मा प्रति रोपनी १ के. जी. का दरले

बीउ उपचार गर्ने तरिका:

❍ पानीको मात्रा मिल्ने गरी उपयुक्त विषादी र ट्राइकोडर्मालाई सिफारिस परिमाण अनुसार पानीमा मिसाउने।

❍ राम्रोसँग विषादी र ट्राइकोडर्मालाई पानीमा घुलाई घोल बनाईसकेपछि बीउ अदुवालाई क्रेट वा अन्य जालीदार भाडोमा राखी १ घण्टासम्म घोलमा डुबाई अदुवालाई छायाँमा सुकाउने।

❍ सामान्यतया एक पटक बनाएको विषादीको घोलले ३–४ पटकसम्म काम गर्दछ।

**७. छापो हाल्ने:**

अदुवा रोपिसकेपछि तुरुन्तै पूर्णरुपले माटो ढाकिने गरी लगभग ४-५ से.मी वाक्लो छापो हाल्नुपर्छ। सुकेका पातहरू भए हावाले नउडाउने गरी सिट्टाले च्याप्ने व्यवस्था मिलाउनु पर्छ। सुकेको स्याउला ४०-५० ठुलो डोका भए १ रोपनी जग्गालाई पुग्दछ।

८.झार नियन्त्रण, उकेरा लगाउने:

**झार नियन्त्रण:**

अदुवामा भदौ-असोज महिनामा उम्रने झारको तुलनामा असार-श्रावण महिनामा निस्कने झारले अदुवालाई प्रत्यक्ष रुपमा असर गर्दछ। अदुवा बालीमा सामान्यतया गन्धे, वन्सो, काने, चरी अमिलो, दुवो आदि झारको प्रकोप हेरी २–३ पटकसम्म उखेल्नु पर्दछ। टपड्रेस गर्नु अगाडि झारपातहरूलाई हटाई सफा गरी मात्र मलको प्रयोग गर्नु पर्दछ।

**उकेरा लगाउने:**

अदुवा खेतीका लागि अनिवार्य रुपमा छापो प्रयोग गर्नु पर्ने हुदाँ खासै उकेरा लगाउनु आवश्यक देखिदैन। यदि छापो हालेको छैन छापो पातलो भएको छ भने उम्रेको १ महिना पछि उकेरा लगाउनु पर्दछ। अदुवाको गानो बढ्दै गएपछि गानो माटो बाहिर निस्किएको देखिएमा माटोले पुरिदिनुपर्छ।

**९. सिँचाई र निकास:**

माटोमा चिस्यानको मात्रा कम छ भने सिँचाईं दिन जरुरी हुन्छ। जेष्ठ आषाढमा २० दिन भन्दा लामो खडेरी पर्‍यो भने वा आश्विन कार्तिक महिनामा पानी परेन भने १५ दिनको फरकमा सिँचाईं दिन पर्ने हुन्छ। अदुवाले पानी जमेको सहन सक्दैन, अदुवा बारीमा जलमग्नता भयो भने गानो कुहिने रोग बढ्न सक्ने हुँदा पानी जम्ने स्थिति भएमा पानीको निकाशको उपयुक्त व्यवस्था मिलाउनु पर्छ।

१०.अन्तरबाली र बालि चक्र प्रणाली:

**अन्तरबाली प्रणाली:**

अदुवा बालि तयार हुन करिव ९ महिना लाग्ने हुदाँ प्रति एकाई क्षेत्रफलबाट अधिकतम् फाइदा लिन अन्तरबालि अपनाउनुपर्छ।

अदुवाकै अदुवा सूर्यमुखी
अदुवा खुर्सानी केरां अदुवा
अदुवा रहर अदुवा ढैंचा (बीउका लागि)

**बालीचक्र प्रणाली:**

बालिचक्र अदुवामा गानो कुहिने रोगको व्यवस्थापन र रोकथामको लागि महत्वपूर्ण हुन्छ। तीन वर्षमा कमसेकम एउटा कोसेबाली समावेश गराउँदा उपयुक्त हुन्छ। अदुवामा सामान्यतया: तपसिलको बालिचक्र अपनाउन सकिन्छ।

| पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष |
|---|---|---|
| अदुवा | मकै-गहुं | मकै भटमास-तोरी |
| अदुवा | मकै | भटमासकोदो |
| अदुवा | मकै-आलु | मकै र कोदो |

**११. अदुवाको बरुनी निकाल्ने प्रविधि:**

अदुवाको कूल खर्चको ५० देखि ६०५ खर्च बीउमा मात्र हुने भएको हुँदा बाली नपाक्दै बरुनी निकाली खेती गर्दा आंशिक खर्च बाली तैयार नहुँदै पाउन सकिने भएकाले किसानलाई फाईदा हुन्छ। यसरी बरुनी निकाल्दा लगाएको बीउको ९०५ सम्म निकाल्न सकिन्छ र उत्पादनमा पनि कुनै असर पर्दैन। बरुनी निकाल्ने कार्य साउनदेखि भाद्र १५ सम्म गरी



# World food prices dip in August

**Maize and wheat prices drive FAO Food Price Index down amid upward revisions to global cereal production prospects**

Bakers prepared bread in Armenia.

**5 September 2019, Rome -** Global food prices declined in August, driven by sharp falls in the prices of staple cereals and sugar, according to a report issued today by the Food and Agriculture Organization of the United Nations.

The FAO Food Price Index, which tracks monthly changes in the international prices of commonly traded food commodities, averaged 169.8 points in August 2019, down 1.1 percent from July while still up 1.1 percent from its August 2018 level.

The FAO Cereal Price Index declined by 6.4 percent from the previous month. Maize values turned sharply lower due to expectations of a much larger than previously anticipated harvest in the United States of America, the world's largest maize producer and exporter. Wheat prices also remained under downward pressure, reflecting ample export availabilities, but those of rice edged up, due to seasonal effects as well as concerns over the impact of weather on crops in Thailand.

The FAO Sugar Price Index was down 4.0 percent from July, due largely to the weakening of the Brazilian real, as well as prospects of larger shipments by India and Mexico.

By contrast, the FAO Vegetable Oil Index rose by 5.9 percent in August, hitting an 11-month high amid a rebound in global import

> *The revisions mostly reflect improved expectations for U.S. maize production. Meanwhile, FAO lowered its estimate for global wheat output in 2019 due to reduced crop productivity in the European Union and the Russian Federation, but it is still expected to be 5.0 percent higher than in 2018.*



demand for palm oil as well as unfavorable weather conditions in Indonesia's major growing regions. Soy oil prices also rose, driven in part by lower than anticipated crush volumes in North America.

The August FAO Meat Price Index rose by 0.5 percent, now up 12.3 percent from its value at the beginning of the year. The increase reflected higher international price quotations for pigmeat, underpinned by strong import demand from China, where the African Swine Fewer has curtailed domestic production.

The FAO Dairy Price Index rose by 0.5 percent from its July level, reversing sharp falls registered in the previous two months, as price quotations rose for cheese, Skim Milk Powder and Whole Milk Powder.

**New forecasts for global cereal production**

FAO also released a new Cereal Supply and Demand Brief, raising its July forecast for global cereal output by 22 million tonnes to 2 708 million tonnes, 2.1 percent above the 2018 outturn.

The revisions mostly reflect improved expectations for U.S. maize production. Meanwhile, FAO lowered its estimate for global wheat output in 2019 due to reduced crop productivity in the European Union and the Russian Federation, but it is still expected to be 5.0 percent higher than in 2018. The forecast for worldwide rice production has been revised up from July to 517 million tonnes, at par with last year's record level, driven by increases in China and the United States.

World cereal utilization for the year ahead is expected to hit a new record of 2 715 million tonnes, buoyed by rice consumption hitting an all-time high of 519 million tonnes, translating into a 0.5 kilogram per capita increase from the previous year. Utilization forecasts for wheat, maize and barley were also raised.

The stronger harvest prospects point to world cereal stocks reaching 847 million tonnes by the close of seasons in 2020, which, however, would remain around 16 million tonnes below their opening levels. Maize inventories are expected to accumulate sharply in the United States, while China's wheat stocks are currently set to expand by 7.9 percent and reach an all-time high.

FAO left unchanged its forecast for world trade in cereals at nearly 415 million tonnes, as expected increases in wheat and rice trade offset reduced trade prospects for maize and sorghum.

# Restoring mangroves is saving rural communities in Gambia

26 August 2019
© IFAD/Barbara Gravelli

The intricate roots of the mangrove can be easily recognized from a distance. Their trees and shrubs grow along salty or brackish waters with accumulated sediments in mud. Mangroves are one of the world's most biodiverse ecosystems and play an essential role to ecological balance and community livelihoods. But in many areas across West Africa, these wildlife-rich wetlands are under threat due to the effects of climate change and unsustainable wood cutting.

At the edge of Bondali-Tenda, a small village in Gambia near the border with Senegal's Casamance region, lies a mangrove forest through the Bintang Bolong, the largest tributary of the River Gambia. From there, 15 local families obtain food and income through fishing activities.

For many years its vegetation was severely degraded to the point of leaving huge deforested pockets with no shade and scarce underwater life. While the local mangrove was disappearing, air became drier and fishers struggled to make their living and provide for their families.

This has changed since 2017. With support from IFAD's Adaptation for Smallholder Agriculture Programme (ASAP), the NEMA-CHOSSO project has restored over three hectares of mangrove in Bondali-Tenda. New trees have been planted in degraded areas throughout the river while maintaining mudflats, which serve as a habitat for resident and migratory water birds.

"Before this intervention we could see a large void space over these waters," recalls Ebrima Fatty, a local community leader. "The green landscape is coming back, there are bigger fish and even crocodiles can be seen around here."

**The climate irony**

Mangroves are particularly vulnerable to climate change. As




temperatures and precipitation patterns change, broader tidal ranges are affecting mangroves throughout Gambia and neighbouring countries. Larger tide volumes combined with higher soil salinity have deteriorated swamps across the region.

Ironically, mangroves themselves are powerful resources to address climate change. They can store great amounts of carbon dioxide – more proportionally than any other forest – and thus, their destruction may disastrously release great amounts of greenhouse gases into the atmosphere.

**Other benefits**

Mangroves play a key role in protecting communities against weather shocks and other climate-related adversities. Their vegetation retains sediments and filter run-off water, preventing soil erosion and siltation. Their roots also serve as effective barriers to the surge of storms, shielding coastal communities against floods.

These dynamic and versatile ecosystems also make environmental and socioeconomic conditions more sustainable as they:

- Contribute to cooling micro-climatic conditions in areas of often high temperatures
- Provide habitat for fishes, oysters, mud crabs and clams, promoting food sources, fishers' incomes and biodiversity
- Serve as fish nurseries, allowing water life reproduction and sustainability
- Provide wood for small community practices, such as fish curing.

Bondali-Tenda is just one example of mangrove restoration supported by IFAD in Gambia. NEMA-CHOSSO has recovered 1,400 hectares all over the country, benefitting around 160,000 people. Another 630 hectares are planned to be restored by the end of the year, which will reach over 40,000 people.



सक्नुपर्छ। बरुनी निकाल्ने उद्देश्यले खेतीगर्दा सामान्यतया ६० ग्राम भन्दा ठूलो लगाउनुपर्छ र एकैतिर फर्काएर घोप्टो पारी लगाउनु पर्छ। घाम लागेको समयमा बरुनी निकाल्ने काम गर्न पर्छ।

१२. अदुवामा लाग्ने मुख्य रोग तथा तिनको व्यवस्थापन:

अदुवामा लाग्ने मुख्य रोगहरू यस प्रकार छन:

क.सं. रोग कारण लक्षण, रोकथाम तथा उपचार

१. गानो कुहिने रोग पिथियमका विभिन्न प्रजातीका ढुसी -टुसाहरूमा पानीयुक्त थोप्लाहरू देखिन्छ र पछि पहेँलो भई मर्दछ

(सराको तल्लो पातको टुप्पो पहेँलिन्छ र पातको दुबै किनारा हुँदै विस्तारै सराको फेदसम्म बढ्दै जान्छ स्वस्थ बीउ छनोट, बालि उपचार तथा बालि चक्र, रोग सहने जात छान्ने

२. सुक्ने, सड्ने वा पहेंले रोग वा सुख्खा सडनFusariumoxysporum f= sp= zingiberi नामक ढुसि पातहरू टुप्पाबाट पहेँलिन थाल्छन् र विस्तारै फेदसम्म गरी सबै पात पहेँलिन्छन् स्वस्थ बीउ छनौंट, बालि उपचार तथा बालि चक्र,

३. ओइलाउने रोग Ral stonia solanacea rum नामक शाकाणु पातहरू ओईलाएर किनारा तलतिर फर्केर बेरिएजस्ता देखिन्छन् , सराहरू सुक्दछन् र गानोको वृद्धि रोकिन्छ, संक्रमित गानो निकै गनाउने तातो पानी, चर्को घाम, स्ट्रेप्टोसाइक्लीनले बीउ उपचार गर्ने, कपर अक्सिक्लोराईडले ड्रेन्चिङ्ग गर्ने।

४ थोप्ले रोग PhyllostictazingiberiRamkr कलिलो पातहरूमा अण्डाकार वा लम्बाकार स-साना थोप्लाहरू देखापर्छ पछि गएर थोप्लोको बीचमा च्यातिएको जस्तो हुन्छ स्वस्थ बीउ छान्ने, छायाँ दिने अन्तरबाली लगाउने, ईन्डोफिल एम –४५ वा ब्लाईटोक्स ५० ले माटो उपचार गर्ने।

५. भण्डारण सडन Acremonium, Alternaria, Aspergillus, Fusarium, Pythium, Rhizoctonia, Sclerotiumजस्ता ढुसिहरू ढुसी अनुरुपका विभिन्न लक्षणहरू (रातो, कालो, खैरो, पीत हरियो) देखाउँछन उचित भण्डारण वातावरण मिलाउने, भण्डारण अघि रिडोमीलको ०.१५ ले बीउ उपचार गर्ने, अदुवालाई चोटबाट बचाउने।

६. अदुवाको जुका परजीवी जुकाहरू बोटका पातमा दाग देखा पर्ने, पहेँलिने, ओइलाउने, जरामा गिर्खा देखिने, बोट पुड्को हुने कुखुराको मल अथवा काठको धुलो युरियासँग मिसाएर प्रयोग गर्ने, कार्बोफ्युरान, Dichloro propane and Dichloropropylene प्रयोग गर्ने।

१३. अदुवामा लाग्ने मुख्य किराहरू तथा तिनको व्यवस्थापन:

नेपालमा हाल सरदर किराहरूले ५–७५ सम्म क्षती पुऱ्याएको पाईएको छ। तापनि वातावरण अनुकल भएमा यसको आर्थिक क्षती उल्लेखनिय हुन सक्ने सम्भावना देखिन्छ।

**क. सं. किरा लक्षण रोकथाम :**

1. खुम्रे किरा लाभ्रेले खाएको गानोमा खाल्टो परेको हुन्छ। काँचो गोबर मल प्रयोग नगर्ने, मेटारजियम एनिसोपिली १० ग्राम प्रति के.जी. कम्पोष्ट मलमा मिसाएर जग्गा तयारी गर्ने बेलामा प्रयोग गर्ने, क्लोरोपाईरीफस वा डर्सवान १०५ विषादी १ केजी प्रति रोपनीका दरले माटोमा प्रयोग गर्ने।
2. गाने औंसा गानोमा प्वाल पारेर भित्र पसी गुदी खान्छन्, स्वस्थ बीउ प्रयोग गर्ने र घुम्तिबाली अपनाउने गर्नुपर्ने, मालाथियन १ मि.ली./ लिटर पानीमा मिसाई छर्ने।
3. रातो कमिला गानोको गुणस्तर नष्ट गर्ने क्लारोपाईरिफस ०.०४५ झोलमा आधा घण्टा अदुवाको गानो डुबाएर रोप्ने।
4. थ्रिप्स बोटको रस चुस्ने डाईमिथोयट ०.०६५ को झोल छर्ने।
5. कत्ले किरा आँख्लानिर अण्डा पारि धब्बा बनाउँछ र अंकुरण क्षमता घटाउने अदुवा बारी सफा राख्ने।
6. गवारो सरामा प्वाल पार्ने लाइट ट्र्याप प्रयोग गर्ने।
7. पात बेरुवा पातलाई बेर्ने र भित्रबाट खाने लार्वाहरू टिपेर फाल्ने।

**१४. बाली तयारी तथा भित्र्याउने:**

लगभग ७५५ सरा सुकेर ढल्न थालेपछि अदुवा खन्ने बेला भएको बुझ्नुपर्छ। अदुवा लगाएको छ महिना पछि आवश्यकता र प्रयोग अनुसार अदुवा खन्न सकिन्छ।

क. ६ महिनामा खन्ने. बजार भाउ राम्रो भएमा, हिउँदे बाली लगाउनु पर्दा, ताजा अदुवा प्रयोग गर्न वा क्याण्डी बनाउने प्रयोजनका लागि ६ महिनामा खन्दा उत्पादन भने कम हुन्छ।

ख. ८-८.५ महिनामा खन्ने। सूठो बनाउने प्रयोजनको लागि।

ग. ९ महिना पछि बीउ प्रयोजनको लागि।

१५. अदुवाको सरसफाई, क्युरिङ्ग तथा ग्रेडिङ्ग अदुवा खनि सकेपछि त्यसको जराहरू, सराहरू र गानोमा टाँसिएका सबै माटो हटाई कुनै छहारी भएको ठाउँमा कम्तिमा हप्तादिन फिँजाएर राख्नु पर्छ। यो प्रक्रियालाई क्यूरिङ्ग गर्ने भनिन्छ। यो प्रक्रिया अपनाउँदा भण्डारण अवधि बढाउन, रोग किराहरूको आक्रमणबाट बचाउन सहयोग पुग्छ। काटिएका, रोगी, माउ वा बरूनि छुट्याएर राख्नु पर्छ।

**१६. अदुवा भण्डारण:**

अदुवा भण्डारण गर्दा सुक्ने, चाउरिने र टुसा आई गुणस्तर घट्ने तथा कुहिएर नोक्सान हुने हुँदा सुरक्षित भण्डारणका लागि सावधानी अपनाउनु पर्दछ। अदुवालाई १२–१४ डिग्री से. तापक्रम र ६५–७०५ सापेक्षिक आर्द्रता भएको वातावरणमा ५/६ महिनासम्म सुरक्षित भण्डारण गर्न सकिन्छ। अदुवा भण्डारणका तरिकाहरू :

**१६.१ खाडल भण्डारण:**

यो प्रविधि अपनाई १००० मिटर देखि १६०० मिटर उच्च मध्य पहाडीक्षेत्रमा बीउ अदुवालाई ४–५ महिनासम्म सुरक्षित भण्डारण गर्न सकिन्छ।

- हल्का भिरालो पानी नजम्ने ठाउँमा एक-एक मिटर लम्बाई, चौडाई र गहिराई भएको खाडल बनाउनु पर्दछ। खाडललाई एक हप्ता घाममा सुकाई झारपात जलाउनुका साथै विषादी प्रयोग गरी निर्मलीकरण गर्नु पर्दछ।
- खाडलको पिँधमा करीब एक ईन्च बाक्लो हुने गरी बालुवा वा धानको मोटो भुस वा काठको धुलो बिछ्याई उपचारित अदुवाका गानाहरू बोक्रा नखुईलिने गरी चाङ लगाएर ६ ईन्च बाँकी राखीपुरा खाडल भर्नु पर्दछ।
- खाडल काठको फल्याकले ढाक्ने, बीच भागमा पर्ने गरी फल्याकमा २ ईन्चको प्वाँल पारी ३ फिटलामो पाईप वा भित्रको गाँठो फालेको बाँस खडा गरी राख्नु पर्छ।
- खाडलमा पानी पस्नबाट जोगाउन र तापक्रम घटाउनका लागि अस्थाई छाप्रो बनाई छायाँ दिनुपर्छ। खाडलको चारैतिर कुलेसो काटी निकासको व्यवस्था गर्नु पर्दछ।
- अदुवा रोप्ने कार्य ढिला हुने भएमा भण्डारण अवस्थामै लामो टुसा आउने हुँदा बीउलाई खाडलबाट बाहिर निकाली ४/५ दिन पछि पुन: खाडलमा राखी दिनु पर्दछ।
- यस्तो खाडलमा ३५० किलो अदुवा भण्डारण गर्न सकिन्छ।

❍ खाने प्रयोजनका लागि भण्डारण गरिने अदुवा विषादीले उपचार गर्नु हुँदैन ।

१६.२ भकारी भण्डारण प्रविधिः

कपुरकोट, सल्यान (समुद्री सतह देखि १४८० मिटर अग्लो स्थान) मा गरिएको परीक्षणको नतिजा अनुसार कोठाभित्र भकारीमा अदुवा भण्डारण गर्दा उपयुक्त हुने देखिएको छ । यो प्रविधि अपनाई बीउ अदुवा मंसिर देखि चैत्र/वैशाख १५ सम्म भण्डारण गर्न सकिन्छ । यस प्रविधिमा एक-एक मिटर लम्बाई, चौडाई र उचाई भएको भकारीमा २५०–३५० किलोग्राम अदुवालाई ५–६ महिनासम्म सुरक्षित भण्डारण गर्न सकिन्छ । यो भण्डारण भकारी मुख्यतया दुई किसिमको बनाउन सकिन्छ ।

❍ **कोठा भित्र बाँसको चोयाको भकारीः**

❍ यस तरिकामा एक-एक मिटर लम्बाई, चौडाई र उचाई भएको भकारी निर्माण गर्दा १×१ मीटरको४ टुक्रा बाँसको चोयाको मान्द्रोलाई चारकुनामा गाडिएको वासको खम्बाको सहायताले जोडी २० सेन्टिमिटर बाहिरी दूरीमा १२०×१२० सेन्टिमिटरको ४ टुक्राहरूलाई सोही अनुरुप जोडी भकारीको निर्माण गर्ने ।

❍दुई बाँसको चोयाको मान्द्रोको बीचमा २० सेन्टिमिटर खाली छोडिएको भागमा क्रमशः ४/५ दिनबिराएर एक पटकमा २०–२५ सेन्टिमिटरका दरले गोबर र माटोको लेदोलाई भकारीको माथिसम्म पुरा भर्दै जानु पर्छ ।

❍दुई साईजका टुक्राहरूको बीचमा राखिएको गोबर र माटोको लेदोलाई पूर्ण रुपमा सुक्नदिने र भित्री तहमा गोबरले लिप्ने ।

❍भकारी भित्रको तल्लो तहमा १० सेन्टिमिटर सफा र सुख्खा बालुवा राख्ने र २५ सेन्टिमिटर अदुवा राख्ने । त्यसपछि क्रमशः १० सेन्टिमिटर बालुवा र २५ सेन्टिमिटर अदुवा पालैपालो (alternate) गरी तह मिलाई माथिसम्म भर्ने र अन्तमा प्लाष्टिकले ढाकिदिने ।

❍ **काँचो ईट्टाको भकारीः**

❍ गोवर र माटोको समिश्रणबाट काँचो ईट्टा निर्माण गर्ने र ईट्टा सुकिसकेपछि क्रमशः माटोले जोडी आवश्यक आकारको भकारी कोठा भित्र निर्माण गर्नु पर्दछ ।

❍ यसरी भकारी निर्माण भएपछि बाँसको चोयाबाट बनेको भकारी जस्तै बालुवा १० सेन्टिमिटर र अदुवा २५ सेन्टिमिटरले क्रमशः राखी अदुवाको सुरक्षित भण्डारण गर्न सकिन्छ ।

❍ यो तरिका बाँसको चोयाबाट बनेको भकारी भन्दा सजिलो र कम झन्झिटिलो हुन्छ ।

❍ कोठा भित्र बाँसको चोयाको वा काँचो ईटाबाट बनाईने भकारीमा अदुवा भण्डारण गर्दा तुलनात्मक रुपमा कम कुहिने कम वजन घट्ने र टुसा नआउने नतिजा पाईएको छ ।

**१६.३ सेलार स्टोर भण्डारणः**

सेलार स्टोरमा २०००–३००० कि.ग्रा. सम्म अदुवा भण्डारण गर्न सकिन्छ । त्यसैगरी सेलार स्टोर प्रयोग गरी ६–७ महिनासम्म अदुवा सुरक्षित भण्डारण गर्न सकिन्छ र खाडल भण्डारणको तुलनामा समय समयमा निरीक्षण गर्न सजिलो हुन्छ । यस्तो किसिमको भण्डारण कोठा भिरालो ठाउँमा जमीन मुनी बनाईन्छ । आवश्यकता अनुसार सानो वा ठूलो आकारमा निर्माण गर्न सकिने यो भण्डारण तरिकामा कोठा भित्रको सापेक्षिक आर्द्रता ६०–७५ प्रतिशतमा रहने गरी व्यवस्था मिलाउन पर्दछ । मध्य पहाडी क्षेत्रमा उत्तर फर्केको भिरालो कान्लामा जमीन मूनी ७ फिट लम्बाई, ८ फिट उँचाई, ७ फिट चौडा आकारको बनाउँदा उपयुक्त हुन्छ । यसको गारो सुखा ढुङ्गाको बनाईन्छ र माटोको भित्ता र ढुङ्गाको गारो बीचमा बालुवा राख्न पर्छ । बालुवा माथी हरेक १ फिटको अन्तरालमा थोपा-थोपा पानी खस्ने गरी पोलीथिन पाईप प्वाल पारी सेट गर्नु पर्छ र चुहिएको बढी पानी स्टोर बाहिर जाने व्यवस्था मिलाउन पर्छ । सेलार स्टोरमा आवश्यक आद्रता कायम गराई राख्न ढोकाको तल्लो भागमा जाली लगाई प्वाल बनाउनु पर्छ । हावा सञ्चारका लागि स्टोरको छत माथी ४ ईन्च व्यासको २/३ वटा पाईप अंग्रेजी अक्षर (t) आकारमा राख्न पर्छ । छत बनाउँदा काठमाथी पोलीथिन सीट र माटो पत्र बनाएर पानी नपस्ने गरी छोपिन्छ । सेलार भित्र धेरै अदुवा अट्ने गरी बाँसको कप्टेरा प्रयोग गरी यार्क बनाईन्छ ।

| क्र. सं. | विवरण | परिमाण | इकाई | दर(रु) | जम्मा(रु) | |
|---|---|---|---|---|---|---|
| १ | स्थिर खर्च | | | | | |
| १.१ | जग्गा भाडा | | १ | हे. | ४०००० | |
| | | | | | ४०००० | |
| १.२ | सिँचाई व्यवस्थापन सरदर | | | | ४००० | |
| १.३ | मर्मत सम्भार | | सरदर | | २००० | |
| २ | वार्षिक सञ्चालन खर्च | | | | | |
| २.१ | बीउ | ५००० | के. जी. | ८० | ४००००० | |
| २.२ | ज्यामी | | | | | |
| खनजोत | १५ | दिन | ६०० | ९००० | | |
| बिउ उपचार, मल छर्ने, रोपाईं, छापो हाल्ने | | | | | १३० | दिन |
| | | | | | ३०० | ३९००० |
| बरुनी निकाल्ने, बालि भित्राउने | | | | ९० | दिन | ३०० |
| | | | | | | २७००० |
| २.३ | पशुश्रम | १५ | दिन | ६०० | ९००० | |
| २.४ | कम्पोस्ट | १२०० | डोको | ५० | ६०००० | |
| २.५ | रासायनिक मल | | | | | |
| युरिया | १२० | के. जी. | २० | २४०० | | |
| डी. ए. पी. | | १०० | के. जी. | ४५ | ४५०० | |
| पोटास | ८० | के. जी. | ३५ | २८०० | | |
| २.६ | बालि संरक्षण | | सरदर | | १०००० | |
| २.६ | अन्य | ५००० | | | | |
| जम्मा खर्च | | ६१४७०० | | | | |
| २.८ | जम्माखर्च ब्याज | | ५ | ५ | | ३०७३५ |
| २.९ | कूल खर्च | | | | ६४५४३५ | |
| ३ | उत्पादन अनुमान | | | | | |
| ३.१ | ताजा अदुवा | | १५००० | के. जी. | ३५ | ५२५००० |
| ३.२ | बरुनी | ४००० | के. जी. | ५० | २००००० | |
| ३.३ | बिउ | १०००० | के. जी. | ८० | ८००००० | |
| जम्मा आम्दानी | | १५२५००० | | | | |
| ३.४ | बजार खर्च | | सरदर | | १०००० | |
| ३.५ | कूल नाफा | | १५१५००० | | | |
| ३.६ | खुद नाफा | | ८६९५६५ | | | |
| नाफा र लागतको अनुपात | | | २.३४७३ | | | |



❍ पहिलो २०७३ सालमा काभ्रेको पाँचखालमा श्री गणेश माध्यामिक विद्यालयमा नेपाल डेरी एसोसिएशनको आयोजनामा दुग्ध विकास संस्थानका अध्यक्ष श्री खिम थापा ज्यूको प्रमूख आतिथ्यतामा मनाई हो ।

❍ २०७४ सालमा नेपाल डेरी एसोसिएशनको आयोजनामा दोश्रो पटक काठमाडौंको, बौद्ध अवस्थित बाल संसार बाल गृहमा N-PABSAN का अध्यक्ष श्री कर्ण बहादुर शाही ज्यूको प्रमुख आतिथ्यतामा मनाईएको छ ।

❍ २०७५ सालमा दुग्ध विकास संस्थान, नेपाल डेरी एसोसिएशन र केन्द्रिय पशुपंक्षी पालन सहकारी संघ लि.नेपालको संयुक्त आयोजनामा वृहत्तर रुपमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयका माननीय राज्य मन्त्री रामकुमारी चौधरी (रोजिना)को प्रमुख आतिथ्यतामा सरोकारवालाहरू सबैलाई एकीकृत गरि करिव १००० भन्दा माथि विद्यार्थीहरूको उपस्थितिमा शिक्षक महासंघ, PABSON, N-PABSAN को विशेष उपस्थितिमा सरकारी र निजी विद्यालयलाई समावेश गरि दूधपान गराई भव्यताका साथ मनाईएको छ ।

नेपाल डेरी एसोसिएशनका ७ वटै प्रदेशमा र जिल्ला/जिल्लामा भव्यताका साथ तेश्रो विश्व स्कुल दूध दिवस मनाईएको थियो ।

## वरिष्ठ साहित्यिक श्रष्टाहरूलाई पुष्पराग साहित्यिक सम्मान

काठमाडौं असोज १५ पुष्पराग साहित्य प्रतिष्ठानले वरिष्ठ श्रष्टाहरूलाई सम्मान तथा अभिन्दन गरेको छ ।

सम्मान कार्यक्रममा वासुदेव त्रिपाठीको प्रमुख अतिथिमा वरिष्ठ साहित्यकारहरू पुस्कर लोहनी, वमबहादुर जिताली, गङ्गा कर्माचार्य लगायत श्रष्टाहरूलाई सम्मान गरेका थिए ।

कार्यक्रमका अतिथि वरिष्ठ साहित्यकार रामप्रसाद ज्ञावलीले बढ्यौली भनेको उमेरले होइन रहेछ । यौन साहित्यमा कलम चलाउने लोहनीले यौन पाप मात्र होइन, आवश्यकता पनि छ भनेर सचेतना बढाउनु भएको छ । व्यासको छोरा सुकदेव, महिलाहरू नुहाई रहेको ठाउँमा पसे, हेर्दा जवान थिए, पस्नुहुन्छ कि हुँदैन भनेर चेत थिएन । व्यास पनि आत्तिएर सुकदेवलाई रोक्न पछिपछि गए, जहाँ महिलाहरू नुहाई रहेका थिए । जहाँ पुरुषहरु प्रवेश गर्न निषेध थियो । चन्दन र उँखुमा के गुण हुन्छ सबै थाहा हुँदैन । योगदानले पाएको सम्मान हो । अस्लिलता भन्ने सुकदेवलाई थाहा थिएन ।

सम्मानित व्यक्ति पुष्कर लोहनीले प्रेमलाई सम्भोगमा हेरिन । प्रेममा हेरें, ८१ वर्षीय साहित्यकार लोहनीले जीवनमा ११ वर्षदेखि साहित्यमा लागेको बताए । त्यतिबेला बासुदेव त्रिपाठी र म प्रतिस्पर्धी नै थियौं । अर्का सम्मानित व्यक्तित्व गङ्गा कर्माचार्यले आफू सम्मानिन हुन पाएकोमा खुशी लागेको बताउनु भयो । कर्माचार्यले भन्नुभयो, “साहित्यमा मैले राष्ट्रियता, अन्याय, अत्याचार, भ्रष्टाचारको विरुद्ध कलम चलाएँ ।”

साहित्यकार वमबहादुर जितालीले साहित्यलाई जीवनको अभिन्न अंगको रुपमा लिएको बताउँदै बताए ।

कार्यक्रमका प्रमुख अतिथि वासुदेव त्रिपाठीले पुष्कर लोहनीको यौन कला गोविन्द प्रसाद लोहनीको प्रभावबाट भएको हुन सक्छ । पुस्कर लोहनी शुरुदेखिनै विद्रेही स्वभाव, विक्षण प्रतिभाका धनी थिए । विम्व र ध्वनी कार्य एकलव्य तपस्वी हुन यिनी । उनको आफ्नै धार छ एकनिष्ट साधना, सिर्जना छ । गङ्गा कर्माचार्य पनि नेपाली नारी साहित्यमा योगदान गरेकी छन् ।

**प्रतिष्ठानमा निरौला अध्यक्ष**

सोही अवसरमा पुष्पराग प्रतिष्ठानले यज्ञश्वर निरौलाको अध्यक्षतामा नयाँ कार्यसमिति गठन गरेको छ । जसमा उपाध्याक्ष भगवती रोका, सचिव डा. प्रदीपकुमार मैनाली, कोषाध्यक्ष उर्मिला कोइराला, सदस्य टिएन भट्ट, भुवन सिवाकोटी, राजबाबु श्रेष्ठ(सागर), राधिका पन्त, नन्दीराज पोखरेल निर्वाचित भएकोछ ।

## कृषि र किसानका क्षेत्रमा रहेका विद्यमान समस्या सवाल साथै महासंघको अभियान बारे
### रचनात्मक सुझाव, गुनासा एवं सूचना आदान-प्रदानका लागि

महासंघले छुट्टै संस्थागत मोवाईल फोनको व्यवस्था गरेको व्यहोरा तहगत संरचनाहरूमा सहर्ष जानकारी गराउन चाहन्छौं । यस मोवाइल नम्बरको प्रयोग गरि तपशिलका विषयमा सूचना आदान- प्रदान गर्न सकिनेछ :-

१. वडा, वडा, पलिका, जिल्ला, प्रदेश एवं राष्ट्रिय तहमा उठेका एवं उठाउनु पर्ने कृषि र किसानसँग सम्बन्धित सवाल बारे राष्ट्रिय म हासंघलाई जानकारी गराउन ।

२. महासंघका तहगत संरचनाले गरेको सवालगत पैरवी बारे जानकारी आदान-प्रदान गर्न ।

३. महासंघको तहगत संरचनाहरूले गरेको सवाल गत एवं संस्थागत कृयाकलाप बारे राष्ट्रिय महासंघलाई जानकारी गराउन ।

४. महासंघको गतिविधिहरू बारे आएका सकारात्मक टिप्पणीहरू संकलन गरि राष्ट्रिय महासंघलाई जानकारी गराउन ।

५. महासंघको संगठनात्मक गतिविधिहरू संचालित कार्यक्रमहरू, नीतिगत निर्णयहरूको कार्यन्वयन एवं सुशासनको सम्बन्धमा कुनै गुनासा वा सुझाव रहेमा राष्ट्रिय महासंघलाई जानकारी गराउन ।

६. कृषि क्षेत्रको किसानलाई लक्षित गरि तहगत सरकारका सम्बन्धित निकायहरूले निर्माण/संशोधन गर्दै गरेको नीतिगत दस्तावेजहरू एवं कार्यहरूको कार्यन्वयन सम्बन्धमा सुझाव, धारणा एवं प्रतिक्रिया उपलब्ध गराउन ।

७. महासंघका तहगत संरचनाहरू एवं कार्यक्रम कायन्वयन सिलसिलामा भएको लैङ्गिक समावेशीकरण र यौन दूराचार, शुन्य सहनशिलता नीति, आर्थिक प्रशासन नीति लगायत संस्थागत नीतिहरूको उल्लंघनको घटना बारे राष्ट्रिय महासंघलाई जानकारी गराउन ।

संस्थागत मोवाईल नम्बर ९८४००२७८६६
(जुनसुकै समयमा खबर सम्प्रेशण गर्न सकिनेछ)
सहयोगको लागि धन्यवाद
राष्ट्रिय कृषक समूह महासंघ नेपाल
राष्ट्रिय सचिवालय, काठमाडौं ।

# नेपाल डेरी एसोसिएशन प्रेस विज्ञप्ति

**काठमाडौं २०७६/०६/०८ बुधबार :**
दूधलाई पूर्ण भोजनका रुपमा लिइन्छ । मानिसको जन्मने बेलाको प्रथम आहार दुध नै हो । जन्मेको ६ महिनासम्म मानिसलाई दुध मात्र दिइन्छ र दुध मानिसको जीवनको महत्वपुर्ण कुरा हो । जन्मेको दिनदेखि मर्नेबेलासम्म र मरिसकेपछि पनि हाम्रो संस्कारको लागि समेत दूधको आवश्यकता पर्दछ । विश्व इतिहास हेर्दा पनि जो जति विश्व प्रख्यात भए ति अधिकांश व्यक्ति शाकाहारी विशेष गरि दूध सेवनलाई महत्व दिने कुराको पुष्टि भईसकेको छ । गौतम बुद्धदेखि महात्मा गान्धि र वर्तमान भारतका प्रधानमन्त्री नरेन्द्र मोदिसम्म सबैले दूधलाई प्राथमिकताका साथ लिइने गरेको पाइन्छ । यस अर्थमा पनि के पुष्टि हुन्छ भने दूध सेवन गर्दा मानिसको दिमागमा सकारात्मक सोचको विकास हुने र दिमाग तेजिलो हुने कुरा वैज्ञानिकहरूले पुष्टि गरिसकेका छन् । जापान, कोरिया र चीन जस्ता विकसित देशहरूमा बालबालिकाहरूलाई दूध सेवन अनिवार्य गरिएको छ । त्यस कारण त्यहाँका बालबालिकाहरूको दिमाग तेज छ र त विश्वमा हरेक कुरामा अग्र पंक्तिमा छन् । विश्वमा कुनै पनि बालबालिकाहरूले दूध तथा दुग्ध पदार्थ सेवनबाट बञ्चित हुन नपरोस् भनेर स्कुल दुध दिवस September को अन्तिम बुधबारका दिन विगत २० वर्षदेखि विश्वभर सन् २००० देखि मनाउन शुरु गरिएको भव्यताका साथ मनाउने गरेको तथ्याङ्क छ । यस वर्ष विश्वमा २०औं र नेपालमा चौथो विश्व स्कुल दुध दिवस भव्यताका साथ मनाइने भएको छ । नेपालमा वि.सं. २०७३ सालदेखि नेपाल डेरी एसोसिएशनले शुरु गरेको थियो । २०७६ सालमा चौथो विश्व स्कुल दूध दिवस September को अन्तिम बुधबार यस वर्ष September 25 (२०७६ असोज ८ गते बुधबार) का दिन यस कार्यक्रममा राष्ट्रिय दुग्ध विकास वोर्डका नि. कार्यकारी निर्देशक श्री बाबुकाजी पन्त ज्यूको प्रमुख आतिथ्यतामा काठमाडौंको गोल्फुटार स्थित महाँकाल जन जाग्रीत माध्यामिक विद्यालयमा सरोकारवाला निकायको सहयोग र सहभागीतामा मनाईयो साथै सातै प्रदेशमा जस्तै प्रदेश नं. १ मा झापाको कन्काई सामुदायिक विद्यालय कन्काईमा सोही नगरपालिकाका मेयर श्री राजेन्द्र पोखरेल ज्यूको प्रमुख आतिथ्यतामा विद्यार्थीहरूलाई दूध तथा दुग्ध पदार्थ सेवन गराई सम्पन्न गरियो त्यस्तै प्रदेश नं. ७ मा कैलालीको धनगढी स्थित श्री शिव पार्वती आधारभुत विद्यालयमा धनगढी उप.म.पा. वडा नं. ३ का अध्यक्ष श्री बल बहादुर ऐर ज्यूको प्रमुख आतिथ्यतामा दूध तथा दुग्ध पदार्थ वितरण गरि मनाईयो र प्रदेश नं. ६ को त्रिवेणी आधारभुत विद्यालय बा.न.पा. २ सल्यानमा विद्यार्थीहरूलाई दूध तथा दुग्ध पदार्थ वितरण गरि मनाईयो, प्रदेश नं. ३ को प्रदेश स्तरिय कार्यक्रममा रामेछापको मन्थलीमा पनि चिरञ्जिवी डेरी उद्योगले नाग कन्या मा.वि. मा दूध तथा दुग्ध पदार्थ वितरण गरि भव्यताका साथ मनाईयो भने अन्य प्रदेशमा पनि बालबालिकाहरुलाई विद्यालय, अस्पताल तथा अनाथालयमा विभिन्न कार्यक्रम सहित दुधपान गराई कार्यक्रम गरि भव्यताका साथ मनाईयो । कार्यक्रममा प्रमुख अतिथि पन्तले FAO को तथ्याङ्क अनुसार प्रति व्यक्ति प्रति वर्ष ९२ लिटर दूध सेवन गर्नुपर्नेमा नेपालमा हाल ७५ लिटर मात्र भएकोले अब आगामी दिनहरूमा कम्तीमा बालबालिकाहरूको लागि मात्र भए पनि ९२ लिटर पुऱ्याउनु पर्ने अनिवार्यता देखिएकोले हामी यसमा लाग्नु पर्ने कुरा व्यक्त गर्दै यस्ता खालका कार्यक्रमहरू नेपाल डेरी एसोसिएशनको अगुवाईमा भएकोमा खुशी व्यक्त गर्दै विशेष धन्यवाद दिनुभयो । बालबालिकालाई पनि दूधको महत्व बारे बताउँदै अनिवार्य दूध सेवन गर्न अनुरोध गर्नुभयो । नेपाल डेरी एसोसिएशनका नि. अध्यक्ष सुमित केडियाले नेपालमा दूधको इतिहास बताउँदै बालबालिकाहरूको दिमागमा स्वच्छ दूधको सेवनले पुऱ्याउने फाइदाको बारेमा बताउँदै अनिवार्य दैनिक रुपमा दूध सेवन गर्नका लागि अनुरोध गर्नुभयो । कार्यक्रममा विशेष अतिथि अभिभावक संघ नेपालका उपाध्यक्ष श्री सुभाष भण्डारी ज्यूले अभिभावकहरूले र शिक्षक शिक्षिकाहरूले पनि दूधको बारेमा बुझेर बालबालिकाहरुलाई दूध तथा दुग्ध पदार्थ सेवन गराउनुपर्नेमा जोड दिनुभयो । कार्यक्रममा एन.प्याब्सनका विजय खरेलले विद्यार्थीहरूलाई दैनिक रुपमा दूध र दुग्ध पदार्थ सेवन गर्दा हुने फाईदाको बारेमा शिक्षक शिक्षिकाको भुमिका महत्वपूर्ण हुने हुनाले विद्यालयले पनि दूध सेवनमा प्राथमिकता दिन अभिभावकहरूलाई आग्रह गरिने बताउनुभयो । कार्यक्रममा स्वगत मन्तव्य राख्दै प्रदेश नं. ३ का प्रदेश प्रमुख एवं केन्द्रिय उपाध्यक्ष श्री राजन प्रसाद दाहालले सबैलाई स्वागत गर्दै दूधको चर्चा गर्नुभयो । बुढानिलकण्ठ नगरपालिका वडा नं. ८ का अध्यक्ष श्री सुमन तामाङ्गले पनि आफ्नो वडा र क्षेत्रमा दूध महत्व बुझाउने कार्यक्रम गर्ने बताउनु भयो । केन्द्रिय दुग्ध उत्पादक सहकारी संघका सचिव टिका बल्लभ सापकोटाले यस्ताखालका कार्यक्रमले दूध उपभोग र दूधको महत्व बारे बुझ्न सघाउने बताउनु भयो । कार्यक्रममा रोटरी क्लब अफ कपनका अध्यक्ष श्री राजु लामा कोन्दन, वरिष्ठ गायिका कुन्ति मोक्तान, बु.न.पा. का पशु सेवा विभाग प्रमुख श्री काजि बहादुर श्रेष्ठ, वडा सदस्य माधव पौडेल, नेपाल डेरी एसोसिएशनका केन्द्रिय पदाधिकारीहरु, प्रदेश नं. ३ का क्षेत्रिय पदाधिकारी, महाँकाल जन जाग्रीत मा. वि.का करिब ४०० जना विद्यार्थी, शिक्षक शिक्षिका, विद्यालयका प्रधानाध्यापक श्री पदम बहादुर थापा मगर एवं डेरी उद्यमीहरूको उपस्थितिमा अन्त्यमा कार्यक्रमका सभापति एवं संस्थाका केन्द्रिय अध्यक्ष श्री राधाकृष्ण सापकोटाले कार्यक्रममा उपस्थितिका लागि सम्पुर्ण महानुभावहरूलाई विशेष धन्यवाद दिदै स्वच्छ दूधको सेवनले बालबालिकाको स्वास्थ्यमा फाईदा पुऱ्याउने र सफल भविष्य निर्माणमा समेत दुग्ध सेवनको महत्वपूर्ण भुमिका रहने कुरा बताउनु भयो ।

**कार्यक्रमका उद्देश्यहरू**

- दूध पूर्ण आहार हो भन्ने कुरा बुझाउन ।
- दूध उपभोग बढाउन ।
- दूधको महत्व जन्मेदेखि मर्दासम्म रहेको छ भन्ने बुझाउन ।
- बालबालिकादेखि वृद्धवृद्धासम्मका लागि दूध अति नै महत्वपूर्ण छ भन्ने बुझाउन ।
- दूधले बालबालिकाहरूको मष्तिस्क विकास, शारिरिक विकासमा महत्व राख्छ भन्ने बुझाउन ।

**विश्वमा कहिलेदेखि कहाँबाट र नेपालमा कसले शुरुवात गऱ्यो ?**

- विश्वमा सन २००० देखि विश्वको ३० भन्दा बढी देशहरूबाट मनाउन शुरु गरेको पाईन्छ ।
- Sepetmber महीनाको अन्तिम बुधबार मनाउने गरेको पाईन्छ । नेपालमा हामीले गत वर्षहरूमा सन् 2016 September 28 देखि निरन्तर मनाउदै आईरहेको छ ।
- उक्त दिन विश्वभरका विद्यालय कहिँ कतै पनि बन्द नरहने दिनको रुपमा रहेको छ ।
- नेपालमा पहिलो पटक विश्व स्कुल दूध दिवस मनाउन नेपाल डेरी एसोसिएशनले सन २०१६ ( वि.सं. २०७३ साल ) बाट शुरु गरेको हो ।



अदुवाको उत्पादन लागत र लाभ लागत अनुपात :
अदुवाको उत्पादनको लागि आवश्यक सम्पूर्ण सामाग्री लगायत ज्यामी तथा पशुश्रमको दैनिक ज्यालाको वर्तमान दरलाई आधार मान्दा आउने अनुमानित उत्पादन लागत र लाभ लागत अनुपात यस अनुसार छ ।
यसरी विभिन्न शिर्षकमा अनुमानित हिसाब गर्दा नाफा र लागत अनुपात २.३४७३ पाइएको छ, जुन १ भन्दा बढी छ । यसरी नाफा र लागत्को अनुपात १ भन्दा बढी भएकोले अदुवा बालि खेती व्यवसायिक रुपमा निकै सम्भावना बोकेको बालि मान्न सकिन्छ ।
अदुवा उत्पादनका लागि आवश्यक सामाग्री तथा मेसिनरीहरू :

| क.सं. | सामाग्री तथा मेशिनरीको नाम | प्रयोग |
|---|---|---|
| १. | हलो र ट्र्याक्टर | खेत जोत्न, खेत सम्याउन, ढुवानीका लागि |
| २. | कोदालो र कोदाली | खेत खन्न, कुलेसो बनाउन, उकेरा लगाउन, बालि खन्न |
| ३. | रेकर | झारपात व्यवस्थापन गर्न |
| ४. | डोको | मल, बीउ तथा छापो बोक्न |
| ५. | टेप | दुरी नाप्न |
| ६. | हँसिया | छापो काट्न, झारपात व्यवस्थापन गर्न |
| ७. | तराजु र डिजिटल तराजु | तौल लिन |
| ८. | कुटो | बरुनी निकाल्न, झारपात गोड्न |
| ९. | ड्रमर मुख खुल्ला भएको भाडो | बीउ उपचार गर्न |
| १०. | स्प्रेयर | विषादी छर्न |
| ११. | क्रेट | बीउ उपाचार गर्न, भण्डारण गर्न |
| १२. | हाइग्रोमिटर | भण्डारण घरको आद्रता नाप्न |
| १३. | थर्मोमिटर | भण्डारण घरको तापक्रम नाप्न |
| १४. | बाँसको कप्टेरो र चक्कु | बोक्रा छोडाउन र अदुवा टुक्रा पार्न |

अदुवा उत्पादनमा सामान्यतया प्रचलित स्थानीय सामाग्रीहरू र मेसिनरीहरूको प्रयोग गरेको पाइन्छ र आधुनिक मेशिनरीहरूको प्रयोग पाइदैन । अदुवा व्यवसायको लागि आवश्यक सामाग्रीहरू र मेशिनरीको नाम र प्रयोग यसप्रकार छ ।

**अदुवा प्रशोधन तथा प्याकेजिङ :**
अदुवालाई निकै लामो समयदेखि विभिन्न औषधिको रुपमा प्रयोग गरिन्छ । ताजा अदुवालाई मसलाको रुपमा चट्नी मसलामा प्रयोग गरिन्छ र विभिन्न परिकारहरूमा मिसाइन्छ । यसका अलावा सुकेको सूठो, वा धुलोको रुपमा विभिन्न खाद्यवस्तु जस्तै माछा मासु, तरकारी, चिया औषधि उपचारमा प्रयोग गरिन्छ भने यसबाट पेय पदार्थ जस्तै सर्वत, रक्सी तयार गरीन्छ । त्यस्तै गरि अदुवाबाट क्याण्डी, जिन्जर क्रिस्टल तथा मुरब्बा आदि बनाउन सकिन्छ । अदुवामा मुख्य प्रशोधित पदार्थमा सुठो र क्याण्डीलाई विशेष महत्वका साथ हेरिन्छ ।

*सल्यानी स्थानीय तरिकाले पनि बोक्रा छोडाउन सकिन्छ । काठको फल्याकहरू जोडेर ६-७ फिट लामो, २ फिट गहिरो र दुबै छेउमा मानिस बस्न मिल्ने चौडाईको अंग्रेजी (भी) आकारको डूँड बनाइन्छ । दुबै छेउमा एक-एक जना मानिस बसी बिचमा २०-२५ किलो अदुवा राखि दुबै तर्फबाट पालैपालो खुट्टाले माडिन्छ । २०-२५ मिनेट माडेपछि आंशिक रुपले बोक्रा खुईलिन्छ र २ दिन घाममा सुकाई पुन: माड्ने काम गरिन्छ ।*

**सूठो प्रशोधन:**
अन्तर्राष्ट्रिय मसला व्यापारमा सूठोलाई मात्र मसलाको रुपमा लिईन्छ । सुठो भन्नाले पखालिएको, बोक्रा हटाइएको वा नहटाइएको र सुकाइएको अदुवाको गानोलाई बुझ्नु पर्छ । तौलको आधारमा सूठोमा चिस्यान १२५ भन्दा बढी हुनु हुँदैन र तेल १.५५ भन्दा कम हुनु हुदैन । अदुवाको सूठो बनाउँदा भण्डारण तथा ढुवानी समस्याको हल, अदुवाको मूल्य वृद्धि र स्थानीय रोजगारी सिर्जना हुनेहुन्छ ।

**सूठो बनाउने तरिका:**

**१. बोक्रा छोडाउने:**
ताजा अदुवा सामान्य स्थितिमा सुक्न धेरै समय लिन्छ । त्यसैले बोक्रा छोडाई सुकाएमा छिटो सुक्दछ । अदुवाको बोक्रा छोडाउन बोरामा रगडेर, खुट्टाले माडेर, काठको टुक्राले बोक्रा छोडाउने तथा मेशिनको प्रयोगबाट गर्न सकिन्छ ।
स्वस्थ अदुवालाई बाँसको कप्टेराले छोडाउन सकिन्छ र फलामको चक्कुले जस्तो दाग पनि बस्दैन ।

- बोक्रा छोडाउने मेसिनको प्रयोगले लागत कम पर्न जान्छ । अदुवाको बोक्रा मेशिनबाट छोडाउनु भन्दा १२ घण्टा अगावै पानीमा भिजाएर एक पटकमा २० किलोसम्म अदुवा ड्रममा राखि प्रति मिनेट ४०/५० फन्को घुमाउनु पर्छ । करीव १५ मिनेटसम्म ड्रमलाई घुमाएर अदुवा निकाल्नु पर्छ । त्यसपछि २ दिनसम्म घाममा सुकाई पुन: ५ मिनेट ड्रममा राखि पुन: घुमाई घाममा सुकाउने गर्नुपर्छ । यो प्रक्रिया २-३ पटक दोहोऱ्याउनु पर्छ ।
- सल्यानी स्थानीय तरिकाले पनि बोक्रा छोडाउन सकिन्छ । काठको फल्याकहरू जोडेर ६-७ फिट लामो, २ फिट गहिरो र दुबै छेउमा मानिस बस्न मिल्ने चौडाईको अंग्रेजी (भी) आकारको डूँड बनाइन्छ । दुबै छेउमा एक-एक जना मानिस बसी बिचमा २०-२५ किलो अदुवा राखि दुबै तर्फबाट पालैपालो खुट्टाले माडिन्छ । २०-२५ मिनेट माडेपछि आंशिक रुपले बोक्रा खुईलिन्छ र २ दिन घाममा सुकाई पुन: माड्ने काम गरिन्छ । एवं तरिकाले २-३ पटक माड्ने र सुकाउने गरेपछि धेरै जसो बोक्रा सफा हुन्छ ।

**२. सूठो सुकाउने:**
अदुवा सुकाउने काम घाममा सुकाएर, धुवाएर, बिजुलीबाट चल्ने ड्रायर अथवा सोलर ड्रायरको प्रयोगबाट गर्न सकिन्छ । सूठो बनाउँदा ताजा अदुवाको पानी सुकाएर ११-१२५ मा ल्याइन्छ । धुवाएर सुकाउने काम गाह्रो र खर्चिलो हुन्छ । स्थानीय तरिकामा घाममा सुकाउने विधिनै राम्रो हुन्छ । तर घाममा सुकाउँदा सर-सफाईलाई ध्यान दिई धुलो, काठ/गोबरका टुक्रा, माटो आदि मिशिनबाट जोगाउनु पर्छ र पोतेको सफा भुईंमा, त्रिपाल वा प्लाष्टिकमा सुकाउनु पर्छ ।

**३. सूठो भण्डारण:**
अदुवामा चिस्यानको मात्रा घटी १०–११५ मा झरेपछि सूठो तयार हुन्छ र सूठो तयार भएपछि २०-२५ किलो अटाउने सफा जुट बोरामा राख्नुपर्छ । बोरामा राखि बोरालाई सफा, ओभानो कोठामा काठको फल्याक माथि ८-१० महिनासम्म सुरक्षित राख्न सकिन्छ । बेला बेलामा सूठोलाई घाममा सुकाई राख्नुपर्छ । यसमा चिस्यान बढी भयो भने एस्परजिलस फ्लेभस नामक ढुसी लाग्दछ र अन्तमा एफ्लाटोक्सिन विष पनि उत्पन्न हुन्छ ।

गुणस्तरीय सूठो तयार गर्दा ध्यान दिनुपर्ने कुराहरू:

- रेशा कम भएको (४५ भन्दा कम) , वास्नादार तेल बढी भएको (१.५५ भन्दा बढी) जात छान्नुपर्छ ।

- अदुवा लगाएको ८-९ महिनामा मात्र खन्नुपर्छ । चाँडै खन्दा चाउँडिएको सूठो तयार हुन्छ तथा धेरै ढिलो खन्यो भने रेशाको मात्रा बढ्छ ।
- खनेको बेलामा गानोमा चोट पटक लाग्नु हुदैन ।
- अदुवा खन्दा तुरुन्तै पानीले सफा गर्नुपर्छ ।
- बोक्रामूनिको तेल ग्रन्थिलाई असर नपर्ने गरि बोक्रा फाल्नुपर्छ ।
- अदुवा सफा ठाउँमा सुकाउनु पर्छ र सुकाउने क्रममा ढुसी लाग्न दिनुहुँदैन ।
- सूठो बनाउँदा सर-सफाईमा विशेष ध्यान दिनुपर्छ ।
- भण्डारण गरेको सूठो बिक्री नहुँदासम्म समय-समयमा सुकाउनुपर्छ ।

अदुवाको क्याण्डी:

- काँचो अदुवालाई टुक्रा पारी चक्लेटको रुपमा ल्याई बनाईएको प्रशोधित वस्तुलाई अदुवाको क्याण्डी भनिन्छ । यसले मिठाईको रुपमा मात्र नभएर पाचक चक्कीका रुपमा भोजन पचाउन मद्दत गर्छ तथा कफ, खोकी, चिसोका साथै यात्रामा उल्टी हुनेका लागि औषधिको रुपमा समेत काम गर्छ । असोज महिनाभर खनेको अदुवाको क्याण्डी बनाउन उपयुक्त हुन्छ ।

अदुवाको गुणस्तरीय क्याण्डी निम्नानुसारका प्रविधिहरू अपनाई बनाउन सकिन्छ ।

प्रथम दिनमा गरिने कार्यहरू:

- क्यान्डी बनाउन अदुवा खनेपछि धोएर बोक्रा हटाउने ।
- बोक्रा हटाई सकेको अदुवालाई काँटाको सहायताले चारैतिर प्वाल पार्ने ।
- उपयुक्त हुनेगरी अदुवाको एकनाशको टुक्रा काट्ने ।
- टुक्राहरूलाई २ प्रतिशतको नून पानीमा एकरात डुबाउने ।

दोस्रो दिनमा गरिने कार्यहरू:

- टुक्रालाई सफा पानीले नूनिलो नहराउँदासम्म पखाल्ने ।
- प्रेसर कुकर वा डेक्चीमा टुक्रालाई मिलाई नपाक्दासम्म पकाउने ।
- अदुवाको टुक्रा डुब्ने बराबरको पानीमा २५५ तौल चिनी र ०.५५ साईट्रीक एसिड लिई १० मिनेटसम्म पकाएर २४ घण्टासम्म चास्नीमा डुबाएर छोड्ने । यसो गर्दा टुक्रामा भएको पानी निक्लन्छ र बिस्तारै गुलियोपना अदुवाका टुक्रामा पस्दछ ।

**तेश्रो दिनमा गरिने कार्यहरू:**

- अदुवाको टुक्रालाई अलग गरी चास्नीमा २५५ चिनी थपी १० मिनेट तताउने ।
- चिनी गलि सकेपछी चास्नीलाई कपडाले छानेर टुक्रालाई २४ घण्टा चास्नीमा डुबाई छोड्ने ।

**चौथो दिनमा गरिने कार्यहरू:**

- चौथो दिनमा पनि तेश्रो दिनको जस्तै गरेर ३०५ चिनी थपी १० मिनेट तताउने ।
- चिनी गलि सकेपछी चास्नीलाई कपडाले छानेर टुक्रालाई २४ घण्टा चास्नीमा डुबाई छोड्ने ।

**पाँचौ दिनमा गरिने कार्यहरू:**

- अदुवाको टुक्रालाई १० मिनेट तताउने र झाजरको सहायताले टुक्रा निकाली चास्नी तर्काएका टुक्रालाई हावामा सुकाउने र सुख्खा बनाउने, यसो गरिएमा ग्लेजड क्याण्डी तयार हुन्छ ।
- अथवा तर्काएको टुक्रालाई ठूला-ठूला दाना भएका चिनीमा लट्पट्याएर टुक्राको बाहिरी भागसुख्खा नहुँदासम्म हावामा सुकाउने, यसो गर्दाक्रिस्टलाईज्ड क्याण्डी तयार हन्छ ।
- अथवा चास्नी तर्काएको टुक्रालाई हावामा सुकाउने र चिसो पानी सुकी हातमा नटाँसिने भएपछि चिनीको मसिनो धुलोमा लट्पट्याएर टुक्राको बाहिरी भाग सुख्खा नहुँदासम्म हावामा सुकाउने ।

**अदुवाको प्याकेजिङ्ग:**

अदुवामा प्याकेजिङ्गको लागि कुनै खास तरिका नभएकाले यसलाई सामान्यतया जुटको बोरामा प्याकेजिङ्ग गरिन्छ । सामान्यतया ५० के.जी. क्षमताको जुटको बोरामा अदुवा प्याकेजिङ्ग गरिन्छ । त्यसैगरि प्लास्टिकको बोरा पनि प्याकेजिङ्गमा प्रयोग हुने भएतापनि जुटको बोरा जस्तो प्रयोग भने हुँदैन । प्लास्टिकको बोरामा हावाको आवत्जावत् सहज नहुने भएकाले अदुवाको भण्डारण क्षमता पनि घट्न जान्छ । जुटको बोरामा हावाको सजिलै पहुँच हुन्छ र बोरा भित्र सापेक्षिक आद्रता पनि सुहाउँदो भैरहन्छ । जुटको बोरामा अदुवा नाथिचिने गरि र चोट नलाग्ने गरि राखिन्छ । त्यस्तै अदुवालाई लामो दुरीको ढुवानीको लागि क्रेटमा राखेर ढुवानी गर्ने पनि चलन रहेको छ ।

**कृषि उद्योग स्थापना अध्ययन :**

अदुवा उत्पादनमा विश्वकै चौंथो मुलुक हो । नेपालभित्र थोरै मात्र खपत हुने अदुवा धेरै मात्रामा भारत निर्यात् हुने गरेको तथ्याङ्कले देखाउछ । पाल्पा जिल्लामा २०७२/७३ मा १२६२ हेक्टर जग्गामा १४१९७ मे.ट. अदुवा उत्पादन भएको पाइन्छ । किसानहरूका अनुसार धेरै मात्रामा भारत निर्यात् हुने भएता पनि गत वर्षको नाकावन्दी पछी अदुवा निर्यात् हुने क्रम स्वात्तै घटेको छ । जसले गर्दा धेरै किसानहरूको अदुवा स्टोरमै थन्किएको अवस्था छ भने कतिपयले अदुवा नखनेर खेतमै छोडेको अवस्था पनि छ । यस अवस्थामा अदुवाको बजार बिक्री भन्दा पनि अन्य उत्पादनमा कदम बढाउनु पर्ने देखिन्छ ।

अदुवाको उत्पादन यसको क्याण्डीको यस क्षेत्रमा चाख बढेको र किसानहरू त्यसप्रति उत्साहित पनि पाइएको छ । अदुवाको क्याण्डी नयाँ उत्पादन हुने र यसले औषधीको रुपमा पनि काम गर्ने हुँदा यसप्रति चाँसो बढेको हो । क्याण्डीको लागि अदुवा रोपेको ६ महिनामा खन्नु पर्ने हुन्छ । यसले गर्दा सूठो र बीउको लागि जस्तो लामो समय कुर्नु पर्दैन र त्यो बाँकी समयमा अन्य बाली लगाएर फाइदा पनि लिन सकिन्छ ।

जिन्जर क्याण्डी विभिन्न रुपमा विश्वभर लामो समयदेखि प्रयोग भैरहेको छ । विश्वमा भारत, अस्ट्रेलिया, इण्डोनेशिया, अमेरिका लगायतका देशहरूमा क्याण्डीको विशेष बजार रहेको छ । विश्व बजारलाई हेर्ने हो भने सन् २०१६ मा २१३ मिलियन अमेरिकी डलरको क्याण्डीको व्यापार भएको पाइन्छ र यो बजार सन् २०२२ सम्ममा १.९७५ वृद्धिदरले २३९ अमेरिकी डलरको पुग्ने अनुमान गर्न सकिन्छ । जिन्जर क्याण्डी निकै मिठो हुने भएतापनि यो साना तथा मझौला उद्योगमा मात्र उत्पादन भएको पाइन्छ । यसका लागि मुख्य समस्या प्रविधिको कमि तथा बजार व्यवस्थापन उचित मात्रामा नहुनु हो ।

जिन्जर क्याण्डी उद्योग स्थापनाका निकै सम्भाव्यताहरू छन् । ति सम्भाव्यतालाई उत्पादनमा रुपान्तरण गर्न सकेको खण्डमा यसको राम्रो भविष्य रहेको बुझ्न सकिन्छ । जिन्जर क्याण्डी उद्योगका सम्भाव्यताहरू यसप्रकार रहेका छन् :

- स्थानीय रुपमै उत्पादन गर्न सकिने'
- आधुनिक मेशिनको आवश्यकता कम रहेको
- अदुवालाई छिटै भित्रै बाँकी अवधिमा अन्यखेति गरि अतिरिक्त आम्दानी गर्न सकिने
- ताजा र सूठोको भन्दा बढी मूल्य पाउन सकिने
- अदुवाको भण्डारण गर्नु नपर्ने
- उपभोक्ताको अत्यधिक माग बढिरहेको
- ताजा अदुवा भण्डारण गर्न नपर्ने हुँदा भण्डारण ह्रासबाट क्षति नहुने
- औषधीको रुपमा प्रयोग गर्न सकिने



# तरकारीको मूल्य घट्दो

काठमाडौं भाद्र कृषि प्रधान देशको रुपमा परिचित हाम्रो देश नेपालमा दैनिक तरकारीको मूल्य घटबढ भइरहँदा विशेष चाडपर्वको बेला तरकारीको मूल्य आकाशिने गरेका छन् भने चाडपर्व सकिना साथ तरकारीको मूल्य ह्वातै घट्ने गरेका छन् ।

तरकारी बिक्रेताहरूले चाडवाडको मौका छोपेर तरकारीको मूल्य बढाउने गरेका छन् । यसो गर्दा सँधै उपभोक्ता मारमा पर्ने गरेका छन् ।

*हरियो प्याज भाद पहिलो हप्तासम्म १ सय ३५ प्रतिकेजी रहेको थियो भने भदौ १९ गतेसम्म आईपुग्दा ६५ रुपैयाँ प्रतिकेजीमा झरेको छ । हरियो प्याजको मूल्य ५१ प्रतिशतले घटेको हो । खुद्रा बजारमा हरियो प्याजको मूल्य १ सय ९० रुपैयाँ प्रति केजीसम्म थियो भने हाल ७५ रुपैयाँ प्रतिकेजी पुगेको छ ।*



यस विषयमा अहिलेसम्म सरकारले केही गर्न सकेका छैनन् ।

दैनिक उपभोग्य कृषि उपजहरू चाडवाडमा विशेष गरी मूल्य बढ्दा उपभोक्ता चर्को मूल्य तिर्नु पर्ने अवस्था रहेको देखिन्छ । कालिमाटी फलफूल तथा तरकारी विकास समितिको तथ्याङ्क अनुसार चाडपर्वको बेला तरकारीको मूल्यमा न्यून्तम् ११ प्रतिशतदेखि अधिकतम ७३ प्रतिशतसम्म उतरचढाव हुने गरेका छन् । कालिमाटी बजारमा बोडीको थोक (होलसेल) मूल्य १ सय १५ रुपैयाँ प्रति केजी रहेको थियो । तीज सकिए लगतै बोडीको मूल्य घट्दोक्रममा रहेको छ । बिहीबार बिहान बोडीको थोक मूल्य प्रतिकेजी ३० रुपैयाँ कायम रह्यो । तथ्याङ्क अनुसार बोडीको मूल्य ७३ प्रतिशतले घटेको हो । खुद्रा बजारमा बोडीको मूल्य १ सय ४० रुपैयाँबाट ५५ रुपैयाँ प्रतिकेजीमा झरेको हो ।

भिण्डीको साउन महिनाको अन्त्यमा कालिमाटी बजारमा होलसेल मूल्य ९८ रुपैयाँ रहेको थियो भने भाद्र महिनाको अन्त्यमा आइपुग्दा यसको मूल्य ३३ रुपैयाँ प्रतिकेजी रहेको छ । डेढ महिनाको अवधिमा यसको मूल्य ६६ प्रतिशतले घटेको छ । खुद्रा बजारमा भिण्डीको मूल्य १ सय २५ रुपैयाँ प्रतिकेजी थियो भने ६५ रुपैयाँसम्ममा बिक्री भयो ।

लौकाको मूल्य भाद्रको अन्त्यसम्म ७८ रुपैयाँ प्रतिके.जी. होलसेलमा बिक्री भइरहेको थियो । भाद्रको अन्त्यसम्म आइपुग्दा यसको मूल्य होलसेल बजारमा प्रतिकेजी २८ रुपैयाँमा झरेको छ । खुद्रा बजारमा लौकाको मूल्य ९५ रुपैयाँ प्रतिकेजीबाट ५५ रुपैयाँमा आइपुगेको छ ।

घिउ सिमी र मकै बोडीमा भने ६३ प्रतिशतसम्म मूल्यान गिरावट आएको छ । कालिमाटी बजारमा घिउ सिमी प्रतिकेजी १ सय १५ रुपैयाँमा थोक बजारमा बिक्री भइरहेको थियो । आज घिउ सिमीको मूल्य घटेर प्रतिकेजी ४२ रुपैयाँ पुगेको छ । खुद्रा बजारमा घिउ सिमीको मूल्य भाद्रको पहिलो सातासम्म प्रतिकेजी १ सय ४५ रुपैयाँ रहेको थियो भने आज ८५ रुपैयाँमा किनबेच भइरहेको छ ।

कृषिजन्य उपजमा मकै बोडी १ सय ५ केजी बाट घटेर ३८ रुपैयाँ प्रतिकेजीमा पुगेको छ । कालिमाटीको थोक मूल्यमा मकै बोडीको मूल्य ६३ प्रतिशतले घटेको हो । खुद्रा बजारमा यसको मूल्य १ सय ४० रुपैयाँ प्रतिकेजीबाट ६५ रुपैयाँ प्रतिकेजीमा झरेको छ ।

भन्टा र घिरौलाको मूल्य ५७ पतिशतले घटेको छ । कालिमाटीको थोक बजारमा भन्टा र घिरौला प्रतिकेजी ७८ रुपैयाँमा बिक्री भइरहेको थियो भने हाल ३३ रुपैयाँ प्रतिकेजीसम्ममा झरेको छ । खुद्रा बजारमा भन्टा र घिरौला १ सय ५ बाट झरेर ५५ रुपैयाँमा बिक्री भएको थियो ।

गोलभेडा र स्कुसको होलसेल मूल्य ५४ पतिशतले घटेको छ । गोलभेडाको होलसेल मूल्य भाद्रको पहिलो सातामा ९८ रुपैयाँ प्रतिकेजी रहेको थियो भने सोही दिनको भोली पल्ट गोलभेडा प्रतिकेजी ४५ रुपैयाँमा झरेको छ । खुद्रा बजारमा गोलभेडा १ सय २५ बाट ७५ रुपैयाँमा बिक्री भइरहेको कालिमाटी बजारले जानकारी दिएको छ । स्कुसको होलसेल मूल्य ४८ रुपैयाँबाट झरेर २२ रुपैयाँ प्रतिकेजी पुगेको छ । खुद्रा बजारमा स्कुस ६५ देखि ४५ रुपैयाँमा झरेको छ ।

हरियो प्याज भाद पहिलो हप्तासम्म १ सय ३५ प्रतिकेजी रहेको थियो भने भदौ १९ गतेसम्म आईपुग्दा ६५ रुपैयाँ प्रतिकेजीमा झरेको छ । हरियो प्याजको मूल्य ५१ प्रतिशतले घटेको हो । खुद्रा बजारमा हरियो प्याजको मूल्य १ सय ९० रुपैयाँ प्रति केजीसम्म थियो भने हाल ७५ रुपैयाँ प्रतिकेजी पुगेको छ ।

तितेकरेलाको थोक मूल्य कालिमाटी बजारमा प्रतिकेजी ५८ बाट घटेर ३३ रुपैयाँमा झरेको छ । खुद्रा बजारमा तितो करेला ८५ रुपैयाँ प्रतिकेजीबाट ५५ रुपैयाँमा झरेको हो ।

चिचिण्डोको मूल्य कालिमाटीको होलसेल बजारमा प्रतिकेजी ४८ रुपैयाँ थियो भने हाल २८ रुपैयाँमा झरेको छ । खुद्रा बजारमा चिचिण्डो प्रतिकेजी ७५ बाट ४५ रुपैयाँ मा झरेको छ ।

हरियो फर्सि होलसेल बजारमा ५८ रुपैयाँबाट २८ रुपैयाँ झरेको छ । खुद्रा बजारमा हरियो फर्सिको मूल्य ८५ रुपैयाँ पतिकेजी भाद्रको अन्त्यसम्ममा बिक्री भइरहेको थियो भने आजकै दिनसम्म ७५ रुपैयाँ प्रतिकेजी पुगेको हो ।

मूलाको होसेल मूल्य ५८ रुपैयाँबाट ३८ रुपैयाँ प्रतिकेजीमा झरेको छ । खुद्रा बजारमा मूला प्रतिकेजी ८५ रुपैयाँबाट ६५ रुपैयाँ प्रतिकेजी पुगेको छ ।

❍हालको आपूर्ति अवस्था ११५०० के.जी प्रति दिन

❍दशैंको ८ दिन र अन्य चाडको मुख्य दिनहरूमा औषत माग: १३००० के.जी.प्रति दिन (उपत्यकाको हकमा दशैं लगायत मुख्य चाडवाडमा जनसंख्या कम हुने, दशैं लक्षित उत्पादन बजारमा आउने हुँदा आपूर्तिमा समस्या नहुने)

२) पशुजन्य उत्पादनको आपूर्ति तर्फ

दशैं लगायतका आसन्न चाडवाडमा बढी माग हुने पशुजन्य उत्पादनहरू (दुध, दूधजन्य उत्पादन तथा अण्डा) को हालको माग र आपूर्ति तथा चाडवाडमा प्रक्षेपित माग र सोको आपूर्तिको कार्ययोजना उत्पादन अनुसार यस प्रकार रहेको छ ।

**❍दूध:**

❍हालको प्रशोधित दूधको उपत्यकाको औषत माग: १,४०,००० लि. प्रति दिन

❍हालको आपूर्ति अवस्था: १२३२०० लि. प्रति दिन (दुग्ध विकास संस्थान मार्फत ८८००० र अन्य प्राइभेट उद्योगहरू मार्फत २५२०० लि.)

❍दशैंको ८ दिन र अन्य चाडको मुख्य दिनहरूमा औषत मागसंख्या: १,४७,००० लि. प्रति दिन

❍दशैं लक्षित गरी उपत्यकाको प्रशोधित दूधको आपूर्ति लाई सहज र सर्वसुलभ बनाउन दूध संकलन र प्रशोधनमा क्रमश वृद्धि गर्ने र नपुग थप १९,००० लि. झोल दूध भारतको पटनाबाट दुग्ध विकास संस्थान मार्फत ल्याउन थालिएको र दशैं-तिहारमा यो परिमाण आवश्यकता अनुसार बढाउने व्यवस्था गरिएकोले अभाव नहुने ।

**❍दही :**

❍हालको उपत्यकाको औषत माग: ९,००० लि. प्रति दिन

❍हालको आपूर्ति अवस्था: ९५०० लि. प्रति दिन (दुग्ध विकास संस्थान मार्फत ५,००० र अन्य प्राइभेट उद्योगहरू मार्फत २५०० लि.)

❍दशैंको ८ दिन र अन्य चाडको मुख्य दिनहरूमा औषत मागसंख्या: १०,००० लि. प्रति दिन

❍दशैं लक्षित गरी उपत्यकाको प्रशोधित दहीको आपूर्तिलाई सहज र सर्वसुलभ बनाउन दुग्ध विकास संस्थान र अन्य प्राइभेट उधोगहरू सक्षम रहेकोले चाडवाडमा अभाव नहुने । दहीतथा अन्य दुग्धजन्य पदार्थको लागि लक्षित गरी दैनिक २५,०००-३०,००० लि. झोल दूध संस्थान मार्फत धूलो दूधमा रुपान्तरण गर्न शुरु भएको ।

**❍ अण्डा:**

❍हालको उपत्यकाको औषत माग: २४,००,००० गोटा प्रति दिन

*अनुगमन तथा बजार मूल्य नियन्त्रणको कार्यलाई सहज र प्रभावकारी बनाउन नियमित आवधिक अनुगमन तथा गुणस्तर परीक्षण गर्नुको साथै दशैं तथा मुख्य चाडवाड लक्षित गरेर उपत्यका लगायत अन्य मुख्य शहरहरूमा अनुगमन तथा गुणस्तर नियमनको व्यवस्था मिलाइएको । उपत्यकामा चाडवाडलाई लक्षित गरी वरिष्ठ प्राविधिक अधिकृतको नेतृत्वमा ५ देखि ५ जनाको सहभागितामा तपसिलका सातवटा स्थानहरूमा अस्थायी मुकाम खडा गरी ३० जवान प्राविधिक जनशक्ति परिचालन गरी अनुगमन तथा गुणस्तर नियमनको व्यवस्था मिलाइएको ।*

❍हालको आपूर्ति अवस्था: ४०,००,००० गोटा प्रति दिन

❍हालको उत्पादन मागको तुलनामा अत्याधिक रहेकोले आपूर्तिमा समस्या नहुने

❍पनिर

❍हालको उपत्यकाको औषत माग: ८४० के.जी. प्रति दिन

❍हालको आपूर्ति अवस्था: ९०० के.जी. प्रति दिन (दुग्ध विकास संस्थान मार्फत ६०० के.जी. र अन्य प्राइभेट उद्योगहरू मार्फत ३०० के.जी.)

❍उपत्यकाको हकमा दशैं लगायत मुख्य चाडवाडमा जनसंख्या कम हुने, दशैं लक्षित उत्पादन बजारमा आउने हुँदा आपूर्ति मा समस्या नहुने ।

**❍घ्यू**

❍हालको उपत्यकाको औषत माग: १४०० के.जी. प्रति दिन

❍हालको आपूर्ति अवस्था: १८०० के.जी. प्रति दिन (दुग्ध विकास संस्थान मार्फत ८०० के.जी. र अन्य प्राइभेट उद्योगहरू मार्फत ९०० के.जी.)

❍घ्यूको स्टक दुग्ध विकास संस्थान र अन्य प्राइभेट डेरीहरूमा पर्याप्त मात्रामा रहेको तथा संस्थानले चाडवाड लक्षित गरी १,३२,००० लि. घ्यू बिक्रीको कार्ययोजना बनाई बिक्री वितरण थालेको हुँदा अभाव नहुने ।

घ) पशु तथापशुजन्य उत्पादनको गुणस्तर तथा बजार अनुगमन

**अनुगमन तथा गुणस्तर नियमन :**

❍पशु तथा पशुजन्य उत्पादनको गुणस्तर अनुगमन तथा बजार मूल्य नियन्त्रणको कार्यलाई सहज र प्रभावकारी बनाउन नियमित आवधिक अनुगमन तथा गुणस्तर परीक्षण गर्नुको साथै दशैं तथा मुख्य चाडवाड लक्षित गरेर उपत्यका लगायत अन्य मुख्य शहरहरूमा अनुगमन तथा गुणस्तर नियमनको व्यवस्था मिलाइएको । उपत्यकामा चाडवाडलाई लक्षित गरी वरिष्ठ प्राविधिक अधिकृतको नेतृत्वमा ५ देखि ५ जनाको सहभागितामा तपसिलका सातवटा स्थानहरूमा अस्थायी मुकाम खडा गरी ३० जवान प्राविधिक जनशक्ति परिचालन गरी अनुगमन तथा गुणस्तर नियमनको व्यवस्था मिलाइएको ।

**❍अस्थायी मुकाम रहने स्थानहरू :**

( कलंकी
( बालाजु
( फर्पिङ
( साँगार जगाति
( टोखा
( टुकुचा
( सीतापाइला

❍प्रदेशस्तरमा चाडवाड लक्षित बजार अनुगमन तथा निमयन गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत तथा स्थानीय तहहरूमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत अनुरोध गर्ने क्रममा रहेको

❍उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय मातहतको वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, केन्द्रीय बजार समन्वय समितिको बैठकको निर्णय वमोजिम प्रमुख चाड लक्षित उच्चस्तरीय अनुगमन समितिमा सहभागी भई बजार अनुगमनको कार्य शुरु भएको ।

❍बजार मूल्य नियन्त्रणको लागि पशुपन्छी तथा पशुजन्य उत्पादनहरूको पर्याप्त आपूर्तिको लागि कार्य योजना वमोजिम कार्य भइरहेकोले मूल्य नियन्त्रण हुने अपेक्षा गरिएको ।

❍दाङ्को भालुवाङ्ग, चितवनको रामपुर, वाराको पथलैया र काठमाडौंको नागढुङ्गामा रहेका आन्तरिक पशु क्वारेन्टाइन चेकपोष्टहरूलाई थप साधन, स्रोत सहित आवश्यक जनशक्ति परिचालन गरी उपत्यका लगायत मुख्य शहरहरूमा आपूर्ति हुने पशुपन्छी तथा पशुजन्य उत्पादनको स्वस्थ्यता, गुणस्तर र ढुवानीको अनुगमन नियमन गर्ने व्यवस्था गरिएको ।



माथि उल्लेखित सम्भाव्यताहरू भएतापनि जिन्जर क्याण्डी उद्योग स्थापनामा केहि चुनौतिहरू पनि रहेका छन् ।

❍ आधुनिक प्रविधिको ज्ञान हुनुपर्ने
❍ चाडै अदुवा खन्दा उत्पादन कम हुने
❍ क्याण्डी बनाउने प्रक्रिया नपुगेमा क्याण्डीको गुणस्तर घट्ने
❍ क्याण्डी लामो समय सम्म सुरक्षित राख्न गाह्रो हुने
❍ क्याण्डीको राष्ट्रिय र अन्तर्राष्ट्रिय बजार राम्रोसँग स्थापना भइ नसकेको यसरी जिन्जर क्याण्डी उद्योग स्थापनाका सम्भाव्यतालाई सहि तरिकाले पहिचान गरि यसका चुनौतीलाई सहि ढंगले निराकरण गर्नसके जिन्जर क्याण्डी उद्योग निकै सफल बन्ने देखिन्छ । जिन्जर क्याण्डी स्थापनाका लागि आवश्यक मेशिनरी र प्रविधि सरकारी संयन्त्रबाट उपलब्ध गराई यसको बजार व्यवस्थापन गरिदिएको खण्डमा अदुवा उत्पादक किसानले ताजा अदुवाको बजार नपाएर भोग्नु परेको समस्याबाट मुक्ति पाउनेछन् ।

**कृषि इन्टर्न :**

प्रधानमन्त्री कृषि आधुनिकरण परियोजना, अदुवा ब्लक, पाल्पा,कृषि तथा वन विज्ञान विश्वविद्यालय, स्थलगत पर्यवेक्षक, प्रमुख सल्लाहकार, किशोरमान श्रेष्ठ,बाबुराम खनाल, वरिष्ठ कृषि विकास अधिकृत, सहायक प्राध्यापक, जिल्ला कृषि विकास कार्यालय माटो विज्ञान तथा कृषि इन्जिनियरिङ्ग विभाग तानसेन, पाल्पा, कृषि तथा वन विज्ञान विश्वविद्यालय, रामपुर, चितवन, ज्येष्ठ, २०७४

**सन्दर्भ सामाग्रीहरू:**

MoAD-2070/71, COST OF PRODUCTION AND MARKETING MARGIN OF CEREAL, CASH, VEGETABLE AND SPICES CROPS IN NEPAL Hariharbhawan, Lalitpur

MoAD,-2070/71, AduwaUtpadankoVavasayikYojana, Hariharbhawan, Lalitpur

MoAD -2072/73 Krishi Diary, Hariharbhawan, Lalitpur,

NARC -2073 KrishiPrabidhi Sangraha-4 Kathmandu,

QYResearch 2017, 2017 Global Ginger Candy Production, Supply, Sales and Demand market research, QYR Consumer Goods Research Center

K,C, Govinda, Gautam, Janarjan, Acharya, Bashistha= -2069_= Ginger and turmeric: Production

# सहकारीले कृषि फर्म सञ्चालन गर्नु पर्ने



काठमाडौं भाद्र प्रत्येक सहकारीले एउटा कृषि फर्म सञ्चालन गर्नुपर्ने भएको छ । हरेक सहकारीलाई क्षमता भएकोमा एउटा स्थानीय फर्म निर्माण गरी अघि बढ्नुपर्ने भूमि, सहकारी तथा गरिबी निवारण मन्त्री पद्मा कुमारी अर्यालले बताएकी छिन् ।

'सहकारीले भाषण मात्र गर्छन् भनेर भनिसके । अब अभियन्तालाई कुनकुन स्थानीय तहमा फर्म बनाउने भनेर मैले होमवर्क दिएर पठाउने हो,' मन्त्री अर्यालले भनिन् ।

नेपाल सहकारी पत्रकार समाजको नवौं वार्षिक उत्सवमा बोल्दै उनले सरकारको तर्फबाट कृषिमा लाग्नेलाई ऋण नलिने व्यवस्था भइसकेको भन्दै किसानलाई प्रोत्साहन गर्न कृषि सहकारीलाई अग्रता दिनुपर्ने । अब सहकारी क्षेत्रमा केही नयाँ काम गर्ने गरी सरकार अघि बढेको उनले बताइन् ।

त्यसैगरी जग्गाको विषयमा समेत अबको समयमा डिजिटलाइज भएका मालपोत कार्यालयमा सरकारी जग्गा अन्य व्यक्तिले आफ्नो बनाउन नसक्ने उनले बताइन् । जग्गाको पूर्ण तथ्याङ्क संकलन गर्न लागिएको भन्दै अव्यवस्थित बसोवासलाई समेत सुधारिदै लैजाने बताइन् ।

जग्गा भएका र घर भएका मानिसहरू समेत अव्यवस्थित वस्ती बनाएर बसिरहेको हुँदा त्यसमा कडा अनुगमन गर्ने र घर नभएकालाई निशुल्क बसोवासको अनुमति दिने उनले बताइन् । घर तथा जग्गा भएर समेत अव्यवस्थित बसोवास गरेकालाई भने ठाउँको मूल्य चुकाएर मात्र बसोवासको अनुमती दिइने बताइन् ।

# मिठाई पसलमा छड्के जाँच

काठमाडौं भाद्र २७ बूबाको मुख हेर्ने औंशीका दिन नजिकिँदै गर्दा नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय र खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागको संयुक्त टोलीले काठमाडौंका तीन मिठाई पसलमा छड्के जाँच गरेका जनाएका छन् ।

कृषि तथा पशुपन्छी विकास राज्य मन्त्री रामकुमारी चौधरी र विभागकी महानिर्देशक मतिना वैद्यको नेतृत्वको संयुक्त टोलीले तीन मिठाई पसलमा अनुगमन गरेको जानकारी पत्रकार तथा कृषि मन्त्रालयको प्रेस सल्लाहकार वोमलाल गिरीले जानकारी गराउनु भएको छ ।

टोलीले त्रिपुरेश्वरमा रहेको पशुपती फुड्स तथा साजन गोठ र सुन्धारामा सालिमार हस्पिटालिटी एण्ड फुड्स प्रालिद्वारा सञ्चालित गुवाफमा अनुगमन गरिएको हो ।

अनुगमनका क्रममा थुप्रै मिति नभएका, मिति नाघेका, सरसफाईमा लापरवाही गरिएका खाद्य पदार्थ नष्ट गरिएको छ ।

अनुगमन पछि कृषि राज्यमन्त्री चौधरीले व्यवस्थापकीय कमजोरी पाइएको बताइन् । उपभोक्तालाई गुणस्तरिय खाना खुवाउने व्यवसायीहरूको पनि कर्तव्य रहेको भन्दै अनुगमनलाई निरन्तरता दिने बताइन् । मिठाई पसल मात्र नभई सबै खाद्य पदार्थमा अनुगमन र नियमन गरिरहेको जानकारी दिइन् ।

उपभोक्ता र व्यवसायीका लागि अनुज्ञापत्र लिएर काम गर्दा राम्रो हुने सुझाव दिइन् । राज्यमन्त्री चौधरीले एक हप्ता भित्र सुधार गर्न सबै पसल सञ्चालकलाई निर्देशन दिएकी छन् ।

विभागकी महानिर्देशक मतिना वैद्यले सरसफाई र गुणास्तरियता कायम गर्न नसकेको भन्दै व्यावसायीहरूलाई विभागमा उपस्थित हुन निर्देशन दिएको बताइन् । टोलीले परीक्षणका लागि १४ प्रकारका खाद्य पदार्थ लिएको जनाएको छ ।

विश्लेषण नमूना सार्वजनिक भएपछि खाद्य ऐन अनुसार नभएको पाइएमा सरकारी वकिलमार्फत मुद्दा चलाइने समेत विभागले जनाएको छ ।

# साना र सीमान्तकृत कृषकहरूको बाहुल्य छ

फियान नेपालमा काम गर्दा नेपाली कृषि क्षेत्रको वस्तुगत अवस्था पहिचान गर्न सफल आचार्य नेपालको कृषि क्षेत्रलाई नेपाली जनताको भाग्य र भरोसाको केन्द्र मानिएको कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा अन्तर्राष्ट्रिय स्तरको प्राङ्गारिक सम्मेलन समेत सम्पन्न गर्न महत्वपूर्ण भूमिका खेल्नु भएको थियो। उक्त सम्मेलनका उपादेयता र नेपाली कृषि क्षेत्रको अझ प्राङ्गारिक कृषिको रोडम्याप तयार गर्ने महत्वपूर्ण जिम्मेवार पाएका **गंगादत्त आचार्य**सँग कृषि जर्नल मासिकका लागि **धनबहादुर मगर**ले गरेको कुराकानीको प्रस्तुत अंश :

***तपाई कृषि विकास मन्त्रालयमा आउनु अघि फियान नेपालको कार्यक्रम कोर्डिनेटर भएर समेत काम गर्नु भएको थियो। फियान नेपालमा काम गर्दाको अनुभव बताईदिनुहोस न ?***

फियान खाद्य अधिकारको क्षेत्रमा कृयाशील अन्तर्राष्ट्रिय नेटवर्क भएको संस्था हो। फियानले मूलत: खाद्य अधिकारबाट वञ्चितिमा पारिएका समुदायका अवस्था र सवालहरूलाई उजागर गर्ने गर्दछ र हामी पनि सोही कार्यमा नै संलग्न रही काम गरियो। फियानमा काम गर्दा हाम्रो देशमा खाद्य अधिकारबाट वञ्चित भएका समुदायहरू, क्षेत्र र खाद्य अधिकार परिपूर्णका चुनौंतीका विषयमा प्रशस्त अनुभव लिने अवसर मिल्यो।

***नेपाली कृषि क्षेत्रले भोगिरहेको समस्याहरुको पृष्ठभूमिमा आगामी कार्यदिशा कस्तो हुनुपर्छ भन्ने ठान्नु हुन्छ ?***

म नेपाली कृषि विकासको विद्यमान ढाँचामा व्यापक पुनर्विचार हुनुपर्छ भन्ने मान्यता राख्छु। वास्तवमा कृषि क्षेत्रको विकास हुनु भनेको स्वाधिन अर्थतन्त्रको जग निर्माण गर्नु हो। वितेका केही वर्ष यता कृषिका केही उप क्षेत्रले (Sub-sectors) देखिने गरी प्रगति हासिल गरेका छन्। उदाहरणका लागि विगतको तुलनामा ताजा तरकारी, दूध, कुखुराको फुल/मासुको उत्पादनमा निकै वृद्धि भएको छ। तर त्यस्तो वृद्धिको आधारशीला कत्तिको दिगो र भरपर्दो छ भन्ने प्रश्न हाम्रो सामु टड्कारो छ।

अहिलेपनि हामी आधारभुत रुपमा तरकारीका वीउ, मल, विषादी, उन्नत नश्लका पशुपन्छी र दानाका कच्चा पदार्थका लागि आयातित स्रोतमा भर पर्नु पर्ने अवस्थामा छौं। हामीले प्रवर्द्धन गरेका प्रविधिहरू समेत हाम्रा मौलिक कम र आयातित बढी छन्। आयातित यस्ता प्रविधि रासायनिक मल र विषादीजन्य उत्पादनमा बढी भर पर्ने भएकाले पर्यावरणमैत्री कम छन् जसले गर्दा हाम्रो पर्यावरण विनाशको खतरामा छ। जलवायु परिवर्तनको उच्च जोखिम व्यहोरिरहेको हाम्रो कृषि प्रणालीले बिग्रदो पर्यावरणको थप चुनौंती सामना गर्नु पर्ने अवस्था आएको छ। मूलभुत रुपमा वाह्य साधन स्रोत र प्रविधिमा आधारित भएर हासिल गरिएका उपलब्धीले समेत कृषकको हितमा खासै टेवा पुग्न सक्ने दुखिन्न। बरु कुनैपनि बेला कृषि क्षेत्र जोखिममा पर्न सक्ने खतरा रहेको छ। तसर्थ, हाम्रो कृषि विकासको आधारभुत शर्त भनेको स्थानीय साधन, स्रोत, प्रविधि र सीपलाई अधिक भन्दा अधिक परिचालन गर्न सक्ने मौलिक ढाँचाको विकास हो। हाम्रो तुलनात्मक र प्रतिस्पर्धात्मक लाभका क्षेत्रको सही पहिचान गरी ती क्षेत्रको विकास र प्रवर्द्धनमा केन्द्रित हुनु हो। पर्यावरण नबिगारी समृद्ध हुने बाटोको खोजी र प्रवर्द्धन हो।

***कृषि विकासका नीति र कार्यक्रमहरुले प्राय: किसानको आवश्यकतासँग मेल खाँदैनन् भन्ने गुनासो पहिलेदेखि उठ्दै आएको छ। व्यवहारिक बनाउन के गर्नु पर्छ ?***

मैले अघिल्लै प्रश्नमा चर्चा गरि सकेको छु, हामीले कृषि क्षेत्रमा प्रयोग गर्ने प्रविधि र कृषि सम्बन्धी हाम्रा शैक्षिक ज्ञान हाम्रो धरातलिय वास्तविकतासँग कम मेल खाने हिसाबले विकास हुँदै आएका छन्। हाम्रो कृषि प्रणाली अत्यन्त विविधतायुक्त र जोखिमपूर्ण पर्यावरणमा आधारित छ र साना र सीमान्तकृत कृषकहरूको वाहुल्यता रहेको छ। यस्तो कृषि पर्यावरणका लागि विशिष्टीकृत कृषि प्रविधि, ज्ञान, सीप आवश्यक पर्छ जुन हाम्रा पुर्खाहरूले अनुभवमा आधारित भएर विकास गरेका पनि हुन् तर आधुनिक कृषि प्रविधिको दवदवासामु हाम्रा त्यस्ता परम्परागत ज्ञान, सीप र प्रविधिका उपयोगी पाटाहरू समेत ओझेलमा पर्दै गएका छन्। हाम्रा विकासका नीति कार्यक्रमहरूले यो विषयलाई आत्मासात गरेर अगाडि बढ्न सक्दा बढी व्यवहारिक हुन सक्छन् भन्ने लाग्छ।

***अन्तर्राष्ट्रिय स्तरको प्राङ्गारिक सम्मेलन समेत सम्पन्न भएको छ। उक्त सम्मेलनका उपादेयता वताई दिनु हुन्छ की ?***

प्राङ्गारिक कृषि सम्बन्धी अन्तर्राष्टिय सम्मेलन हालै सम्पन्न गरियो। हाम्रो वास्तविकतासँग मेल खाने हिसाबका पर्यावरण मैत्री कृषि प्रणाली



**गङ्गादत्त आचार्य**
**सदस्य सचिव**
**प्राङ्गारिक कृषि समिति**

प्रवर्द्धनमा जोड दिनु पर्छ भन्ने विषयमा सम्मेलनका सहभागी सबै सरोकारवालाहरूको मत रह्यो। प्राङ्गारिक कृषिका विषयमा धेरै नै भ्रम र अस्पष्टताहरू विद्यमान छन् तिनलाई निराकरण गदै देशको कृषि प्रणालीलाई क्रमश: प्राङ्गारिक कृषि उन्मुख गराउँदै लैजानु पर्ने आवश्यकता छ भन्ने वोध उक्त सम्मेलनले गराएको छ।

***नेपाल सरकारले समृद्ध नेपाल, सुखी नेपाली बनाउने परिकल्पना गरेको छ के प्राङ्गारिक कृषिको माध्यमबाट यो सम्भव छ ?***

प्राङ्गारिक कृषि स्वस्थ माटो, स्वस्थ हावापानी, स्वस्थ भोजन र समग्रमा स्वस्थ जीवनधाराको आधारशीला हो। नेपालको कृषि उत्पादनले अन्तर्राष्ट्रिय बजारमा यदि प्रतिस्पर्धा गर्ने क्षमता राख्छन् भने केवल प्राङ्गारिक उत्पादनले मात्र सक्ने हुन्। यस्तो अवस्थामा राष्ट्रिय प्रतिवद्धतासाथ प्रवर्द्धन गर्न सक्ने हो भन प्राङ्गारिक कृषिले ***समृद्ध नेपाल, सुखी नेपाली*** अभियानमा सार्थक योगदान गर्न सक्छ भन्ने लाग्छ।

***नेपालको लागि समाजवाद उन्मूख कृषि अर्थतन्त्र एउटा महत्वपूर्ण खम्बा हो। प्राँगारिक कृषिले स्वाधिन अर्थतन्त्रको विकासमा सहयोग पुग्छ ?***

प्राङ्गारिक कृषि स्थानीय साधन, स्रोत, सीप र प्रविधिमा आधारित हुने भएकाले यो समतामूलक हुन्छ र स्वाधिन अर्थतन्त्र विकासको आधारशीला बन्न सक्छ। यस किसिमको कृषि अर्थतन्त्रको विकासबाटनै आफ्नो देशको हितलाई कुनैपनि हिसाबले संकुचन हुन नदिने किसिमले अन्तर्राष्ट्रिय मञ्चहरूमा हाम्रो उपस्थिति जनाउन सकिन्छ र स्वाधिनताको वास्तविक स्वाद चाख्न पाईन्छ।



# चाडवाड लक्षित अनुगमन योजना :
## डा.वंशी शर्मा, पशुसेवा कृषि विभाग

प्रमुख चाडलक्षितपशुपन्छी तथा पशुजन्य उत्पादनको आपूर्ति, गुणस्तर नियमन तथा वजार अनुगमन योजना, २०७६

१) पशुपन्छीको आपूर्ति तर्फ: दशैं लगायतका आसन्न चाडवाडमा अत्याधिक माग हुने खसी (बोका, राँगा, कुखुरा आदि पशुपन्छीहरूको हालको माग र आपूर्ति तथा



चाडवाडमा प्रक्षेपित माग र सोको आपूर्तिको कार्ययोजना यस प्रकार रहेकोछ।

- **खसी-बोका :**
- हाल उपत्यका तथा मुख्य शहर बजारहरूको औषत मागसंख्या: १८४० प्रति दिन-औषत २५०३० के.जी
- हालको आपूर्ति अवस्था : २०३० संख्याप्रति दिन
- दशैंको ८ दिन र अन्य चाडको मुख्य दिनहरूमा औषत माग संख्या: २५०० प्रति दिन -उपत्यका १८००)
- थप मागको आपूर्तिको कार्ययोजना (हेफर इन्टरनेशनलसँग आवद्ध सहकारी मार्फत उपत्यकामा आपूर्तिगरीने खसी-बोकाको कुल अनुमानित संख्या: ५००० (बाख्रा व्यवसायी महासंघ मार्फत उपत्यकामा आपूर्तिगरीने खसी-बोकाको अनुमानित कुलसंख्या: १३००० (खसी-बोका व्यवसायीहरू मार्फत उपत्यकामा आपूर्ति हुने खसी-बोकाको अनुमानित कुल संख्या: १५००० प्रति दिन (खाद्य संस्थान मार्फत देशका विभिन्न स्थानमा संकलन गरी उपत्यकामा आपूर्ति हुनेखसी-बोकाको अनुमानित कुल संख्या: २५०० (खाद्य संस्थान मार्फत मुस्ताङ जिल्लाबाट संकलन गरी उपत्यकामा आपूर्ति हुने च्याङ्ग्राको अनुमानित कुल संख्या: २५०० (खाद्य संस्थानको पहलमा विभिन्न व्यापारी मार्फत उपत्यकामा आपूर्ति हुने च्याङ्ग्राको अनुमानित कुल संख्या: ८००० (स्थानीय व्यापारीहरू मार्फत दशैंलाई लक्षित गरी पोखरामा आपूर्ति हुने

*दशैंको ८ दिन र अन्य चाडको मुख्य दिनहरूमा -जम्मा१० दिन) औषत माग संख्या: १०० प्रति दिन ( उपत्यकाको हकमा दशैं लगायत मुख्य चाडवाडमा जनसंख्या कम हुने तथा स्वदेशी उत्पादन पर्याप्त रहेको हुँदा आपूर्तिमा समस्या नहुने)*

च्याङ्ग्राको अनुमानित कुल संख्या: ५०००

- दशैंको ८ दिन र अन्य चाडको मुख्य दिनहरुमा-जम्मा १० दिन) खसी, बोका, च्याङ्ग्राको कुल माग संख्या: ५०,०००
- आपूर्ति योजना अनुसार दशैंको ८ दिन र अन्य चाडको मुख्य दिनहरूमा (जम्मा १० दिन) खसी, बोका, च्याङ्ग्राको कुल संख्या: ५१,०००
- **राँगा-पाडा :**
- हाल उपत्यकाको औषत मागसंख्या: ११० प्रति दिन (औषत १५०-२०० के.जी)
- हालको आपूर्ति अवस्था: ११५-११७ संख्याप्रति दिन
- दशैंको ८ दिन र अन्य चाडको मुख्य दिनहरूमा (जम्मा १० दिन) कुल माग संख्या: २०००
- दशैं लक्षित गरी उपत्यकाको नागढुङ्गा नाकाबाट यस हप्ता (गत शुक्रबारदेखि सोमबारसम्म) भित्रिएका राँगा संख्या १००० (५० ट्रकमा औषत २० राँगा र पाडाका दरले)
- असोज १ देखि दशैंसम्मको आगामी १५-२० दिनसम्म काठमाडौं उपत्यकामा आपूर्ति हुने राँगा र पाडाको अनुमानित कुल संख्या : २१५०-१०५ ट्रकमा औषत २० राँगा र पाडाका दरले)
- यस प्रकार उपत्यकामा दशैं लक्षित दैनिक आपूर्ति संख्या: २१५ (आवश्यकता २०० प्रति दिन चाडबाडको १० दिनका लागि)
- **कुखुरा :**
- हालको उपत्यकाको औषत माग: ३०० मे.ट. प्रति दिन
- हालको आपूर्ति अवस्था: ३०० मे.ट. प्रति दिन
- दशैंको ८ दिन र अन्य चाडको मुख्य दिनहरूमा (जम्मा १० दिन) औषत माग: ३०० मे.ट. प्रति दिन (उपत्यकाको हकमा दशैं लगायत मुख्य चाडबाडमा जनसंख्या कम हुने हुँदा आपूर्तिमा समस्या नभएको)
- बंगुर:
- हालको उपत्यकाको औषत माग: १०० प्रति दिन (औषत ७५-३०० के.जी)
- हालको आपूर्ति अवस्था संख्या: १०० प्रति दिन
- दशैंको ८ दिन र अन्य चाडको मुख्य दिनहरूमा -जम्मा१० दिन) औषत माग संख्या: १०० प्रति दिन (उपत्यकाको हकमा दशैं लगायत मुख्य चाडवाडमा जनसंख्या कम हुने तथा स्वदेशी उत्पादन पर्याप्त रहेको हुँदा आपूर्तिमा समस्या नहुने)
- **माछा :**
- हालको उपत्यकाको औषत माग:

(जिउँदो माछा: ५३०० के.जी. प्रति दिन
(छडी माछा : ३२०० के.जी. प्रति दिन
(फ्रोजन माछा: १८०० के.जी. प्रति दिन
माछाको कुल औषत माग: १०३०० के.जी. प्रति दिन

बन्न दिदैनकी भन्ने आशंका कायमै रहेको बताउनु भयो। समग्र कृषि प्रणालीमा चुनौंतीहरूको सामना गर्ने हो। मुलुकको खाद्य संकट निरन्तर चुलिदै गएको छ। जनशक्तिको निर्यात ५० लाख पुगेको छ। जनशक्ति बाहिर पठाएर कृषि गर्न सम्भव होला ? खेती प्रणालीका कारणले देशको अवस्था तहस् नहस् भएको छ। जलवायू परिवर्तनका कारण खेतीपाती फेरिनु पर्छ। कृषिको ढाँचा र प्रणालीको जलवायू सम्वोधन गरिनु पर्छ। जलवायू सम्वोधन किसानले मात्र गर्न सक्दैन। राज्यले कानूनबाट भएन भने नियमावाली संशोधन गरेर पनि गरिनु पर्छ। जमिनको मुद्दा अझै पेचिलो भएको छ। जमिनको स्रोतलाई किसानको पहुँचमा ल्याउने कुरा बोलेको छैन। समग्र किसानको कुरा हो। ७० वर्षको लडाई जित्न त्यति सहज छैन। धक्का दिने बेला भयो कि भन्ने अवस्था छ। राजनीतिक नेतृत्वले खुट्टा कमाएर हिड्ने बेला आएको छ। साना भूमिहिन महिला किसानको समस्या उठेको छ। समग्र भूमिको विषयमा सोच्नु पर्छ।

त्यसैगरी राष्ट्रिय कृषक महासंघका अध्यक्ष नवराज वस्नेतले धुलो माटोमा खेलीरहेको किसानहरूको अवस्था कस्तो होला ? समस्याको थुप्रो किसानहरूसँग कहिलेसम्म राख्ने ? महासंघको स्थापना किसानहरूको आवाज उठाउने कुनै संरचना नभएको अवस्थामा २०६८ साल भाद्र २३ गते कृषि विभाग हरिहर भवन ललितपुरमा स्थापना भएको थियो। खाद्य अधिकार, खाद्य सम्प्रभुत्ता लगायत मुद्दालाई उठाउन भनेर यस संस्थाको स्थापना भएका थिए।

उक्त कार्यक्रमलाई स्वागत गर्दै राष्ट्रिय किसान महासंघका सचिव अनन्तकाजी श्रेष्ठले सरकारको योजना कृषकसम्म कृषिको योजना सरकारसम्म नपुग्ने भएकाले पुलको काम गर्न नौं वर्ष अघि महासंघको स्थापना भएको बताउनु भयो।

उहाँले न्यूनतम् कृषि वजेट भएपनि वास्तविक किसानसम्म पुऱ्याउन सकेको छैन। विदेशमा उत्पादित वस्तुले बजार पाईरहेको र नेपाली किसानको उत्पादनले बजार पाउन नसकेको बताउनु भयो। अहिले पनि जाजरकोटका किसानले १ रुपैयाँमा ३ वटा स्याउ बिक्री गर्नु पर्ने बाध्याता भएको उल्लेख गर्दै नीतिगत तहमै सुधार गर्नु पर्ने बताउनु भयो। तर अहिले अविभावकत्व नेपाल सरकारले किसानको समस्या समाधान गर्न सकेको छैन। किसानका कुरा कहीँ पनि लागु भएको छैन।

# कोटा प्रणालीमा रासायनिक मल

काठमाडौं भाद्र सरकारले रासायनिक मल वितरणको जिम्मा प्रदेश र स्थानीय तहलाई दिने भएको छ। सातओटै प्रदेश र स्थानीय सरकारअर्न्तगत पालिका तहले मल आपूर्ति तथा वितरण कोटा प्रणालीमार्फत गर्ने भएको हो।

केन्द्र सरकार अर्न्तगत कृषि तथा पशुपन्छी विकास मन्त्रालयले रासायनिक मलको आपूर्ति तथा वितरण कार्याविधि प्रस्ताव गरी प्रदेश सरकामार्फत मल वितरण गर्ने भएको हो। ७ ओटै प्रदेशको मल आपूर्ति र वितरण कोटा केन्द्रले तोक्दिने गरी कार्यविधि प्रस्ताव गरिएको मन्त्रालयका प्रवक्ता तेजबहादुर सुवेदीले बताए।

केन्द्र अर्न्तगत कृषि मन्त्रालयले सबैतिर मल वितरण, निगरानी, कोटा अनुसार मल आपूर्ति र बदमासी भएको खण्डमा अनुगमन गर्न सम्भवना नभएकाले प्रदेश र स्थानीय तहलाई जिम्मा दिनेगरी कार्यविधि प्रस्ताव गरिएको मन्त्रालयले जनाएको छ।

चालू आर्थिक वर्षदेखिनै कार्यविधि पास भएर योजना लागू गरिने प्रवक्ता सुवेदीले जानकारी दिए। प्रदेश र स्थानीय तहलाई मल बिक्री वितरणमा कोटा प्रणाली लागू गरेमा मलको अपचलन नहुने र समानुपातिक वितरणमा सहयोग पुग्ने छ।

केन्द्रले ७ ओटै प्रदेश तहलाई मलको निश्चित कोटा तोक्नेछ। विगतमा कति मल वितरण हुन्थ्यो र उत्पादन क्षेत्रफलका आधारमा मलको कोटा निर्धारण हुने मन्त्रालयले जनाएको छ।

अहिले कार्यविधिमाथि प्रदेश सरकार र सरोकारवाला निकायसँग राय सुझाव माग र छलफल भइरहेको सुवेदीको भनाई छ। अहिले मुलुकमा झण्डै ७ लाख मेट्रिक टन रासायनिक मलको माग छ। तर, भारतबाट मागको आधा पनि मल खरिद हुन नसक्दा किसानले वर्षेनी मलको अभाव खेप्नुपर्छ।

अहिले मुस्किलले साँढे ३ लाख टन मल मात्रै भारतबाट खरिद भएको सरकारी तथ्याङ्क छ। तर, मल वितरण असन्तुलन हुँदा केही किसानले मल पाउने गर्छन् भने केही किसानले मल नै पाउँदैनन्।

गत आर्थिक वर्षमा ६ अर्ब र पछि थप ३ अर्ब गरी कुल ९ अर्ब रुपैयाँ अनुदानवापत मल खरिद गर्न सरकारले छुट्याएको थियो। चालू आर्थिक वर्षमा पनि सरकारले ९ अर्ब रुपैयाँ रासायनिक मल खरिद गर्न बजेट विनियोजन गरेको छ।

# सूचक सिर्जना वाचन

असोज ११ सिर्जनाको बोली, प्रतिभाको सम्मान सूचक राष्ट्रिय अभियानको सूचक प्रतिष्ठानको आयोजनामा वरिष्ठ साहित्यकार "पीतावम्वर उपाध्याय, पियुष" वरिष्ठ पाइट रतन लामिछाने स्मृतिमा सिर्जना वाचन कार्यक्रम सम्पन्न भएको छ।

उक्त कार्यक्रममा उपाध्यायका जेष्ठ पुत्र प्रशान्त घिमिरेले आफ्नो आमा बितेको ४ वर्ष भइसकेको बताउँदै संसारले चिनेको व्यक्ति गुमाउनु पर्दा अपूर्ण महशुस भएको छ। आमाले लेखेको पुस्तकसँगै राखेर सुत्दा पनि आमाको काखमा सुतिरेको आभाष अहिले पनि हुने गरेको बताउनु भयो। आमा पछिको दिदी मलाई यही देश प्यारो छ। साहित्यिक समाज भनेको आशिर्वादको पेशा हो। नेपालमा बस्यौं, जहाँ वसे पनि रमाई रह्यौं। तर हामी आफू सुक्षम छौं। हामीले लिनपर्ने ठाउँ कहाँ छ ? दिन सक्छौं। ढुङ्गाको पहाड बनाउँदा साँढि पाँच लाख पर्दा ढुङ्गालाई पनि साँढि पाँच लाख पर्दो रहेछ।

त्यसैगरी स्वार्गीय रत्न लामिछानेका धर्म पत्नी सपना लामिछानेले मेरी श्रीमान २०७२ सालमा दिवंगत हुँदा ऋृषि वानिय मार्फत भेटवाल भाईसँग भेट भएको थियो। मण्डली शब्दबाट स्थापना भएको संघ-संस्थाहरू क्रिश्चियन हो भन्ने भ्रम थियो। अमेरिकामा सडक दुर्घटनामा उहाँको निधन भभएको थियो।

अर्का साहित्यकार रश्मि पराजुलीले पनि रतन लामिछानेका बारेमो बोल्नु भएको थियो।

कार्यक्रममा ललितादेवी वुद्धको सन्देश छरौं, गंङ्गा कर्माचार्य कर्कलाको पानी, इन्दिरा ढकाल श्रद्धा सुमन, तीर्थरत्न शाक्य धर्म नै स्वर्ग, दिलकुमारी डंगाले संविधान, भगवती बस्नेत मेरो अस्तित्व, रञ्जना पराजुली मुक्तक आमा, भीमकुमारी श्रेष्टी लिच्छवी काल देखि आजको नेपालसम्म, नविना श्रेष्ठ वैदेशिक नशा, सुषमा वर्देवा पोखेर घामको झुल्को, पूर्णमान चित्रकार जिन्दगी कस्तो कस्तो, लालबहादुर भुजेल श्रद्धा सुमन, संगिता पेम्वा वातावरण

सन्तोष सिम्खडा घर-घरमा अनिकाल, डा.अनुप कुमार श्रेष्ठ शुन्यता जीवन, लगायत १७ जना कविा तथा साहित्यकारहरूले कविता वाचन गरेका थिए।

कार्यक्रमकाको अध्यक्षता सपना लामिछाने र सञ्चालन सूचक प्रतिष्ठानका अध्यक्ष दीपक भेटवलालले गर्नु भएको थियो।



# सार्वजनिक निजी उत्पादन साझेदारी मोडलमा बधशाला

**प्रेस विज्ञाप्ति :**

सार्वजनिक निजी उत्पादन साझेदारी मोडलमा बधशाला निर्माणका लागि समझदारी पत्र
२०७६ भाद्र ४ बुधबार ललितपुर नेपाल

हेफर नेपालले ५ वटा स्थानीय सरकारहरू विराटनगर, भरतपुर, पोखरा, बुटवल र कोहलपुर सँगको सहकार्यमा ५ वटा आधुनिक बधशालाहरू निर्माणमा सहकार्य गरेकोछ। बधशालाहरू सावजनिक निजी उत्पादन साझेदारी मोडल अन्तर्गत हुने छन्। जसमा सार्वजनिक क्षेत्रबाट समाजिक उत्तरदायित्व भूमिका अन्तर्गत जनतालाई स्वस्थ तथा सफा मासु उपभोगका लागि भौतिक संरचनाहरू निर्माणमा लगानी रहनेछ।

उत्पादक किसानहरू तथा मासु व्यवसायीहरूले छुट्टा-छुट्टै Investment कम्पनीहरू दर्ता गरी बधशाला सञ्चालनका लागि लगानी गर्नेछन्। बधशाला सञ्चालन उत्पादन महिला किसानहरू मासु व्यवसायीको प्राइभेट कम्पनी मार्फत गरिनेछ। जुन कम्पनीमा उत्पादन महिला किसानहरूको प्रमुख शेयर सहभागिता रहनेछ। हालसम्म स्थानीय सरकारहरू तथा प्रदेश सरकारका तर्फबाट ३२ करोड रपैयाँ भौतिक संरचना निर्माणका लागि बजेट विनियोजन गरिएको छ। तथा खसी बाखा उत्पादन महिला किसानहरू र मासु व्यवसायीहरूका तर्फबाट बधशाला सञ्चालनको लागि २२ करोड रुपैयाँ भन्दा बढी शेयर रकम प्रतिवद्धता जनाएका छन्। नेपाल सरकारको पशु बधशाला तथा मासु जाँच्ने ऐन २०५५ ले स्वच्छ तथा सफा मासु उत्पादन तथा बिक्री वितरणका लागि बधशाला निर्माण तथा सञ्चालनको परिकल्पना गरेको छ। तर नेपाल भित्र तथा सरकारी एवम् निजी उत्पादकको सहकार्यको कमीका कारण विगतमा सरकारी स्तरबाट बधशाला निर्माण तथा सञ्चालनका प्रयासहरू प्रभावकारी हुन सकेको छैन। साथै पशु बधशाला तथा मासु जाँच ऐनको कार्यन्वयन हुन नसकेको अवस्थामा छ।

यसै सन्दर्भमा हेफर नेपालले नेपालको विभिन्न ३० जिल्लाहरूको २००,००० भन्दा बढी परिवारहरूलाई विभिन्न परियोजना समूह तथा सहकारीमा आवद्ध गर्दै बाख्रा पालनका क्षेत्रमा सहयोग गर्दै आएकोछ। हेफर नेपालले आफ्नो कार्य क्षेत्र अन्तर्गतका मुख्य शहरहरूमा रहेको मासु व्यवसायीहरू तथा जिउँदो खसीबाखा व्यवसायीहरूलाई संगठित तथा सशक्तिकरण गर्दै किसानहरू तथा सरकारी निकायहरू सँगको सहकार्यका लागि सहजीकरण गर्दै आएको छ। यसका अतिरिक्त हेफर उत्पादन महिला किसानहरू मासु व्यवसायीहरू तथा



स्थानीय र प्रदेश सरकारहरू सँगको छलफल अन्तरक्रिया जस्ता कामहरूमा सहजीकरण गर्दै बधशाला निर्माण तथा सञ्चालनका लागि प्राविधिक तथा क्षमता अभिवृद्धि जस्ता पक्षमा सहयोग गर्दै आएकोछ।

बाखा उत्पादन किसानहरू तथा मासु व्यवसायीहरूका सघन सहकार्य निर्माणमा हेफरले महत्पपूर्ण भूमिका निर्वाह गरेकोछ। विकासमा प्रतिवद्ध। स्थानीय तथा प्रदेश सरकारहरूबाट नेपालको मुख्य सहरहरूमा आधुनिक बधशाला निर्माण गरी सार्वजनिक नीजि, उत्पादन साझेदारी मोडलबाट सञ्चालन गर्ने प्रतिवद्धता जनाएका छन्। आधुनिक बधशाला निर्माण तथा सञ्चालनबाट प्रत्यक्ष रुपमा उत्पादक किसानहरू लाभान्वित हुने तथा स्वच्छ तथा सफा मासु उत्पादन एवम् उपभोगभै समग्र विकासमा टेवा पुग्नेछ।

बाखा उत्पादन किसानहरू तथा मासु व्यवसायीहरूको व्यवस्थित सञ्जाल निर्माणमा हेफरले महत्वपूर्ण भूमिका निर्वाह गरेको छ। पशु बधशाला निर्माण विकासमा प्रतिवद्ध स्थानीय तथा प्रदेश सरकारहरूबाट हेफर नेपालको कार्य क्षेत्रहरू विस्तार आधुनिक बधशाला निर्माण सञ्चालनबाट प्रत्यक्ष रुपमा उत्पादक किसानहरू लामाविन्त तथा स्वच्छ तथा सफा मासु उपभोग पुग्ने विस्वास लिएको जनाएको छ।

# दूधको मूल्य ६ रुपैयाँ प्रतिलिटर बढ्यो

नेपाल सरकार कृषि, पशुपन्छी विकास मन्त्रालयले दूधको मूल्यमा प्रतिलिटर ६ रुपैयाँ बढाउने निर्णय गरेको दूग्ध विकास संस्थानका महाप्रबन्धक शैलेन्द्र घिमिरेले बताएका छन्। महाप्रवन्धक घिमिरेका अनुसार महँगीका कारण किसानको लागत बढेसँगै उपभोक्ता मूल्य पनि वृद्धि गरिएको हो।

संस्थानले कृषिमन्त्री चक्रपाणि खनालले बिहीबार दूधको मूल्य बढाउने फाइल स्वीकृत गरेको थिए। 'आजै कार्यालय समय सकिएपछि बोर्ड बैठक बस्छ र बढेको मूल्य सार्वजनिक गरिन्छ। त्यसमा समयसमेत तोकिन्छ' महाप्रबन्धक घिमिरेले दुग्ध विकास संस्थानका अध्यक्ष वसन्त गिरीले बढेको दूधको मूल्यमध्ये ६९ प्रतिशत किसानलाई र बाँकी ३१ प्रतिशत डेरीहरूले पाउने बताए।

बढेको मुल्य शनिबारबाटमात्रै लागु हुने जानकारी दिए। यसअघि किसानहरूले लागत बढेको भन्दै मूल्य बढाउन दबाव दिँदै आएका थिए। किसानको दबावपछि कृषि मन्त्रालय र दुग्ध विकास संस्थानले कार्यदल गठन गरेको थियो। उक्त कार्यदलको प्रतिवेदनका आधारमा दूधको नयाँ मूल्य निर्धारण भएको हो।

# नयाँ आवादी धेरै प्रकारबाट गरिन्छः इतिहास

घ) सरकारी एवं किसानको संस्था : नयाँ आवादी र नयाँ रस्तीवस्तीका निमित्त उपलब्धी वेगर विरलै रस्तीवस्तीको र आवादीको योजनापूर्ण नहोला। देशको बढ्दो जनसंख्याको साथ-साथै बढ्दै गएको किसानी माथिको साहुकारहरूको व्याजको खोलीले किसानको किसानी मासिदै २ गै साना-साना टुक्रामा परिणत भै रहेकोबाट किसानीमा दिलचस्मी कम हुँदै गैरहेछ। गरिब औं त्यसका साथै किसानीलाई चाहिने प्रद्धतको कम हुँदै गै रहेछ। को न्यूनतम साथ टुक्रिदै गएको जमिनको किसानीले गर्दा आर्थिक दृष्टिबाट साह्रैनै बेफाइदा हुन थालेकोछ । यसकारण : - १ देशमा बिखरित भूमिहिन किसान, विशेष किसान एवं जमिन्दारी सहुलियबाट आवाद गर्न नसकिने, जंगल फँडानी वृहत मात्रामा गर्नु पर्ने किसानीको सारा सुविधा जुटाई अनिमात्र विकास कार्य सम्पादन गर्नुपर्ने परन्तु किसान समुदाय प्राकृतिक रोषको संक्रामक परिस्थितिमा पनि संघर्ष गरी आवादी रस्तीवस्ती बसाल्न लालायित यस्तो विशेष परिधिका क्षेत्रहरू पहाडी वा तराई प्रदेश दुबैमा आवादी गरी जन सहयोग बसाल्न विशेष परिधिको क्षेत्रहरू पहाडी वा तराई प्रदेश दुबैमा आवादी गरी जन सहयोगद्धारा वस्ती बसाल्नु पर्ने क्षेत्रमा जनसहयोगको आडमा सरकार अगुवा भै कार्य सम्पादन गर्ने प्रयत्न गर्नेछ। यस्तो क्षेत्रहरू आवादी र नयाँ रस्तीवस्ती कायम गर्नुपर्दा १) जंगल भए जंगल फँडानी गर्ने कार्य र यथासम्भव एकपटक जमिन जोत्न कम लागत खर्चमा सरकारबाट गरी दिनेछ।

१. जंगल भए जंगल फँडानी गर्ने कार्य र यथा सम्भव एकपटक जमिन जोत्ने कम लगत खर्चमा सरकारबाट गरी दिनेछ।
२. जमिनको चक्लावन्दी सरकारबाट गर्ने र गराइनेछ।
३. चाहिने घरद्धार, गोठ, कटेरोको आकार प्रकार सरकारले बनाई दिनेछ।
४. गाउँ बसाल्ने चित्रपट सरकारले तयार गरी दिनेछ।
५. नयाँ रस्तीवस्तीको योजना सरकारबाट गरी दिनेछ।
६) चाहिने सहुलियत खासगरी खर्चवर्च इत्यादिको बन्दोवस्त ऋणको रुपमा उपलब्धीको प्रबन्ध पनि यथासम्भव गर्ने सरकारको लक्ष्य रहनेछ।




*जंगलविहिन भएमा माटो पखालिन्छ, दर्रा खण्डहरू बढ्न जान्छन्। मुलहरू सुक्न जान्छन्। वर्षात कम हुन्छ। हुरी बेगमा वहन्छ, तापक्रम बढ्नगै तातो हावा बही खेती गरिएको फसलहरू सुक्न जान्छ र गेग्रान बलौटे ढुंग्यान ट्याफी इत्यादिले आवादी जमिनहरू पूरी बन्जरमा परिणत गरि दिन्छन्।*

७. योजना वमोजिम सहकारी पद्धती अनुसार आवादी र बसोवास गर्ने कार्यसम्म किसानी जनताबाट गराउनेछ।

ड) सरकारी :- सरकारी हिसाबबाट नयाँ वस्ती र नयाँ आवादी धेरै प्रकारबाट गरिन्छ। ( सरकारी हिसाबबाट नयाँ) विशाल फाँट जसमा स्थानीय रैतीको गाँसवासले आवादीमा ल्याउने कुनै साधन र आँट हुँदै अथवा जहाँको आवहवा विलकुलै प्रतिकुलमै साधारण जनताको आर्थिक पहुँचबाट वस्ती बस्ने, बसाल्ने कुनै साधन हुँदैन यस्तो फाँट जमिनहरू सरकारको तर्फबाट र राष्ट्रिय हितका लागि सरकारी खर्च लगाई आवादी गरी रैयत बसाल्ने योजना गरिन्छ। अथवा जंगल फँडानी सिँचाईको बन्दोवस्त, स्वास्थ सेवा इत्यादिको बन्दोवस्त गरी जग एकपटक जोतानीसम्म गराई रैयतहरूको वस्तीको निमित्त लागत खर्च लिई सुम्पिन्छ। अथवा सरकारद्धारानै निजी खेती गरिन्छ औं आम्दानी सरकारी कोषमा दाखिला हुन्छ। आवश्यकता अनुसार सरकारी दृष्टिले यस किसिमको आवादी एवं रस्तीवस्तीको निमित्त पनि ध्यान जानेछ।

च) नयाँ बसोवास र हाल आवादीमा कम्पनी बनाई कार्य सम्पादन गर्ने। :- कुनै पनि समुदाय वा संस्थाले बसोवासी र हाल आवादीमा सरकारलाई सहयोग गर्न पूँजी लगाई, चाहिने प्राविधिकहरू समेत यावत् प्रबन्ध मिलाई आफ्नै तर्फबाट गरी जग्गा विकास गरी नयाँ बसोवासको निमित्त चाहिने सबै प्रबन्ध मिलाई काम गर्न खोजेमा यस्तो समुदाय वा संस्था श्री ५ को सरकारको कम्पनी कानून वमोजिम खडा भएको रहेछ भने तिनीहरूको योजनाको अध्ययन सरकारले गरी राष्ट्रिय नीतिहरूमा कतै कहीँ दलन पर्ने भए कार्य परिचालनको निमित्त पनि स्वीकृति दिनसक्ने छ।

६. खेती र नयाँ बसोवासको निमित्त लगाइने विभिन्न प्रकारका खाद्यान्न उत्पादन योग्य जग्गा जमिन पर्तिहरू :-

खेती एवं नयाँ बसोवासको निमित्त चाहिने जमिन एवंपर्तिहरू वृहत रुपमा आवाद लायक वन, जंगललाई आवादीमा परिणत गर्नु र गराउनुमै सीमित छ अत: यस देशको उपरोक्त आवश्यकता पूर्ति वन घटाई कृषि धनमा बदली अधिकांश जनताको हर ढाक्नु पर्ने भनि टाउको लुकाउने साधनको बन्दोवस्त गर्नु परेकोछ। यसकारण :- क) वन भित्र जमिन आवादीमा परिणत गर्नाले :-आवहवा एवं भौतिक बनावटको पूरा संरक्षणको बन्दोवस्त गरी प्राकृतिक सन्तुलन र प्राकृतिक सौन्दर्यमा कुनै प्रकारले पनि खलबल नपर्ने बन्दोवस्त गरी त्यसदेखि बाहेक सरकारले आवाद लायक ठहराएका जमिन आवादीको निमित्त खोलिनेछ।

ख) हरेक देशको निमित्त जतिको आवादीको जरुरी छ जंगलको पनि उत्तिकै महत्वपूर्ण स्थान छ। जंगलविहिन भएमा माटो पखालिन्छ, दर्रा खण्डहरू बढ्न जान्छन्। मुलहरू सुक्न जान्छन्। वर्षात कम हुन्छ। हुरी बेगमा वहन्छ, तापक्रम बढ्नगै तातो हावा बही खेती गरिएको फसलहरू सुक्न जान्छ र गेग्रान बलौटे ढुंग्यान ट्याफी इत्यादिले आवादी जमिनहरू पूरी बन्जरमा परिणत गरि दिन्छन्। औं समतल जमिनहरू बाढीहरूको शिकार हुन्छ। यसकारण जंगलका विच-विचमा परेको आवादी जमिनहरू भए त्यस्तो जमिनहरू जरुरी देखिएमा आवश्यकता अनुसार बझाई त्यस्ता स्थानहरूमा वनखेती पद्धती अपनाई कार्य सम्पादन गराइन्छ। साथै त्यस्तो बझाई दिनु पर्ने जग्गाको क्षतीपूर्ति दिनु पर्ने भएमा क्षेतिपूर्ति गर्ने या अन्य स्थानहरूको जमिन दिइने प्रावधान सकभर गरिनेछ।

ग) हरेक जिल्लामा विभिन्न किसिमको जग्गा वितरण सकभर ८० प्रतिशत लघु योजना



# वास्तविक पीडा असली किसानलाई थाहा हुन्छ

✍धनबहादुर मगर

काठमाडौं भाद्र २४ राष्ट्रिय कृषक समूह महासंघले कृषि तथा किसान अधिकारको लागि अभियान नवौं स्थापना दिवसको अवसरमा अन्तरक्रियात्मक कार्यक्रम कृषि, पशुपन्छी विकास मन्त्री रामकुमारी चौधरीको प्रमुख आतिथ्यमा सम्पन्न गरेकोछ। उक्त अवसरमा राज्यमन्त्री चौधरीले किसानहरूको उत्थानको लागि निर्वाचित महासंघका पूर्व सदस्य तथा निर्वाचित प्रतिनिधीहरूको कार्यप्रति धन्यवाद दिनु भएको थियो। चौधरीले किसानको समस्या सम्वोधन गर्न सक्दैन कि भन्ने जिज्ञसा उठेको छन्। किसान आत्मनिर्भर हुने वातावरण बनाऔं। विचौलिया र व्यापारीको चंगुल रहेसम्म किसानहरू मर्कामा पर्छन्। किसान वर्गिकरण र भू-उपयोग नीति कार्यन्वयन गर्न सके ६९ प्रतिशत भन्दाबढी किसानहरूलाई फाइदा हुन्छ। केही किसानको नाममा अरुले अनुदान खाइरहेका छन्। खान लाउन नपाएसम्म कसरी समृद्ध नेपाल बन्छ ? चौधरीले भन्नु भयो।

केन्द्रमा २ तिहाईको सरकार छ। गणतान्त्रिक सरकार हुँदा-हुँदै पनि किसानको समस्या



बेला अब किसान वर्गिकरण, भू-उपयोग नीति लागु गरी निमावाली बनाएर लागु गर्नुपर्ने कुरामा जोडदिनु भएकोछ। चौधरीले भन्नुभयो साते प्रदेशको साते जिल्लाबाट लागु गर्न किसान वर्गिकरण नीति ल्याएका छौं। अहिले होलसेलमा किसानहरू छन्। वर्गिकरण नगरीकन सहयोग गर्न नसक्ने अवस्था छ। यो काम स्थानीय तहले गर्नेछ। जनसंख्या बढ्दै गएको र जमिन घट्दै गएको अवस्थामा वर्गिकरण गरेका जमिन कृषिको लागि छुट्याई अगाडि बढ्नु पर्ने बताएका छन्।

किसानहरू ठूला किसानको घेरावन्दीमा पर्छन। असली किसान जसलाई मात्र थाहा हुन्छ। प्रदेश सरकारले आफ्नो संरचना नबनाएसम्म सम्भव छैन। पूर्ण अनुगमन गर्न सकेको छैन। सबै तहको सरकारसम्म गर्ने प्रणालीको विकास नगरेसम्म पुऱ्याउन सकिदैन। प्रदेश सरकारबाट आवश्यक महत्वका साथ व्यवस्थापन गर्ने। उत्पादनहरू संकलन अझै सहज बनिरहेको छैन। अर्गानिक खेतीको लागि जोड दिइरहेका छौं। ठूला मिडियाहरूले मल बीउ लगायत हाहाकार भयो भनेर फुकिरहेका समाधान हुन सकेको छैन। तीन तहको सरकार आएपछि किसानको हकमा खलल भएकोछ। स्थानीय तहमा ठूलो बजेट छ। किसानहरूले पाउने कि नपाउने भन्ने समस्या छ। सिंहदरबारको अधिकार गाउँसम्म जानु पर्थ्यो तर, केन्द्रमा जाँदैछ। राज्यले गरेको व्यवहार

*गाउँपालिकाको प्रत्येक वडामा प्राविधिक सहायकलाई वडा सचिवको समेत जिम्मेवारी दएिको बताउनु भयो। त्यस कार्यले प्राविधिक सहायक समेत एकदमै खुशी छन्। किसानहरूको संगठन दुदृढीकरण गर्न सबैले आ-आफ्नो ठाउँबाट उठ्नु पर्ने बताउनु भयो।*

त्यति सन्तुष्त छैन। राष्ट्रिय भूमिसूधार कार्यक्रम मिडियामा आउन सकिरहेको छैन। सरकारमा प्रतिनिधित्व गर्नें जनप्रतिनिधीहरूलाई कर्मचारीतन्त्रले काम गर्न दिएको छैन। वर्तमान कर्मचरीतन्त्र खारेज नगरीकन काम गर्न सक्दैनौं।

किसानको आवाज वुलन्द गर्न हाम्रो अभियान मार्फत नयाँ नियम बनाउँदा, वन जंगलको संरक्षणको अधिकार लिन अनुशासित ढंगको आदोलन गर्नु पर्छ। दबावमूलक कार्यक्रम नगरेसम्म सरकारलाई सचेत गराउन सक्दैनौं। जनप्रतिनिधीहरूलाई वायस गर्ने कार्य भईरहेको छ। कुनै न कुनै ठाउँमा त सिंङ्गो गाउँपालिका बाँझै छन्। जमिन बाँझो राख्न नपाउने बनाएको छौं। तिनवर्षसम्म खेती गरेन भने गाउँपालिकाले कब्जामा लाने छौं। ७५ प्रतिशत अनुदान गाउँपालिका २५ प्रतिशत किसान हुनेगरी सहकारी मार्फत हाइटेक प्रविधि दिने व्यवस्था मिलाएको छौं। महिला किसानहरूलाई संगठित गरेका छौं। ११ सय ७४ महिला सदस्यहरू ७ वटै वडामा पशु र कृषि प्रविधि राख्ने निर्णय गरेका छौं। यस वर्षको दशैंको लागि १६ हजार खसीबोका तयार गरेका छौं। प्रदेशबाट ज्ञान केन्द्रमा गएका छौं। नगरपालिका मेयरहरूबाट वजेटहरू गाउँसम्म पुग्न दिइरहेको छैन। किसानहरू आफै लागि पर्नुपर्ने बेला आएकोछ।

त्यसैगरी अर्का अतिथि काभ्रे तिमाल गाउँपालिका वडा अध्यक्ष तथा राष्ट्रिय कृषक समूह महासंघका केन्द्रीय सदस्य दिलमाया तामाङ्गले आफैले कृषकहरूको गाउँपालिका स्तरीय कृषक महासंघ गठन गरेको बताउँदै कृषिमा नमूना गाउँपालिका बनाउने अठोट गर्नुभएको छ। साथै उहाँले गाउँपालिकाको प्रत्येक वडामा प्राविधिक सहायकलाई वडा सचिवको समेत जिम्मेवारी दएिको बताउनु भयो। त्यस कार्यले प्राविधिक सहायक समेत एकदमै खुशी छन्। किसानहरूको संगठन दुदृढीकरण गर्न सबैले आ-आफ्नो ठाउँबाट उठ्नु पर्ने बताउनु भयो। तामाङ्गले आफू मरिगए पनि, आफू नरहे पनि किसान संगठनलाई छोड्ने छैन भनि प्रतिवद्धता जनाउनु भएको थियो।

त्यसैगरी अर्का अतिथि निवर्तमान उपाध्यक्ष तथा महासंघका अनुशासन समितिका सदस्य भक्तबहादुर बस्नेतले हामीले उठाउन चाहेका मुद्दाहरू अगाडी बढाउन सकेनौं भने महासंघ मात्र नभई सबै तह ओझेलमा पर्ने बताउनु भयो। उहाँले किसानको कार्यक्रम अगाडि बढाउनु पर्ने कुरामा जोडदिनु भयो।

त्यसैगरी अर्का अतिथि कृषि विज्ञ कृष्णप्रसाद पौडेलले महासंघका पदाधिकारीहरूले जनप्रतिनिधी किसानहरूको जिन्दगी सार्थक

कृषिलाई औद्योगिकीकरण नगरे अर्थतन्त्र बलियो हुनै सक्दैन। कृषि क्षेत्रको आवश्यकता अनुरुप राज्यले सहयोग गर्नु जरुरी छ। स्थानीय बालीहरू उत्पादन गर्न छोडेर चाउचाउका सडेका पोकाहरू उपभोग गर्न पुगेको हुन्छ। खेतबारी बाँझै राख्छ। किसान आन्दोलन अत्यन्तै जरुरी छ। राजनीतिक रुपमा सचेतना नभएसम्म आन्दोलन सम्भव छैन।

त्यसैगरि अर्का नेता धनेस्वर पोखरेलले देश संकटपूर्ण अवस्थाबाट गुज्रीरहेको, देशी विदेशी शक्तिहरूबाट किसानहरूलाई झन् पछि झन् पछि धकेलीरहेको, राजनीनैतिक, सामाजिक आर्थिक रुपमा देशलाई पराधिन बनाउँदै लगेका, स्वाधिन र स्वतन्त्रको रुपमा स्थापित गर्न नसकेको जन-जनको समस्या हिजो भन्दा आज जटिल बन्दै गएको बताइएको छ। देश किन रसातलमा गयो ? मजदुर र किसानको समस्या समाधान नगरीकन समाधन गर्न सक्दैन। किसानको समस्या देशी विदेशी हस्तक्षेप बन्द गरिनु पर्छ। नेपाली उत्पादन फाल्नु पर्ने अवस्था आएको छ। राज्यले त्यसको उत्पादन लागत दिनुपर्छ कि पर्दैन ?

त्यसैगरी अखिल नेपाल किसान महासंघका अध्यक्ष भैरव रेग्मीले किसान संघको मूल उद्देश्य किसानहरूको समस्या समाधन गर्ने हो। व्यवहारिक रुपमा साझा मुद्दा लागु गर भनेर दबाव दिनु पर्छ। यो सरकारलाई किसानको सरकार भनिन्छ केरा, दुध, तरकारी सडकमा फालिएको छ।

कृषिको मुद्दा ओझेलमा पारिएको छ। किसानको मुद्दा उठाएर सडकमा जानु पर्छ। कृषिमा विदेशी लगानी बन्द गरिनु पर्छ।

त्यसैगरी नेकपा मसालको नेता समीर सिंहले कार्यपत्र प्रस्तुत गर्दै नेपालको किसान आन्दोलन कमजोर बन्दै गएकोले किसानको मुद्दाहरू ठीक-ठीक ढंगले उठान गर्न सके मात्र कृषिमा देखा परेको समस्याको समाधान हुने बताउनु भयो।

त्यसैगरी अखिल नेपाल किसान युनियनका अध्यक्ष लोकनारायण सुवेदीले २०१७ सालपछि किसान आन्दोलन शिथिल बन्दै गएको बताउनु भएको छ। किसान भगवान् हुन्। किसानलाई जगाउनु पर्छ। भूमाफियाको चर्को समस्या छ। भू-उपयोग नीति उचित ढंगले आएको छैन। झापा जिल्लामा फल्ने धान पहाडको २२ जिल्लामा पनि फल्दैन। बढी उत्पादन भयो भने फाल्नु पर्छ। थोरै भए खानै पुग्दैन। २८ प्रतिशत उत्पादन गरेर मात्र पुग्दैन।

*सबै प्रकारको सामन्ति भूमि व्यवस्थापन आधुनिक ढंगले गर्नुपर्छ। जबस जस्तो सामान्ति भू-व्यवस्था कार्यक्रम छ। मोहियानीहरूको स्वामित्व समाप्त गरेर वैद्य स्वामित्वको हक कायम गर्नु पर्छ। मन्दिर मठाधीशहरूको भोगचलन ३ प्रकारको छ। करपोरेट फार्मिङ्गको लागि वदेशी कम्पनीहरू ल्याउन खोजिएको छ। कृषिलाई आधुनिक परियोजना भित्र हेर्दा राम्रो लाग्छ तर त्यसमा हुने खाने वर्गनै संलग्न भएको देखिन्छ।*

जमिनको असमान वितरण कायमै छ र सामन्तवादको अन्त भएको छैन। समाजवादको कुरा गर्छ। राष्ट्रिय समृद्धिको कुरा किसानको समस्या समाधान नगरेसम्म सम्भव छैन। किसान र मजदुर, महिला, विद्यार्थी संगठनहरूले सहयोग नगरेसम्म समाधान हुन सक्दैन। तर समस्या के हुन् भन्ने अहिलेसम्म पार्टीहरू अक्मकाईरहेको छ। किसानको मुद्दाहरू पार्टीहरूले वायस गर्दै आइरहेका छन्। किसान आन्दोलनले मात्र नेपालको राष्ट्रियता, जल, जमिनको रक्षा गर्छ। किसान भूमि पूत्र हुन्। किसान अझै लुटिरहेका छन्। कृषिसँग जोडिएका वन, जल जमिनहरू अतिक्रमण भइरहेको छ। २ लाख ८० हजार ९ सय २७ हेक्टर जमिनमा भूमिसुधार भएको छैन। अर्काको जमिन कमाउँदा कुन बेला खोस्छन् थाहा हुन्न। २० प्रतिशत जमिनमा मात्र सिँचाईंको व्यवस्था छ। तर ८० प्रतिशत जमिनमा सिँचाईको व्यवस्थापन हुन सकेको छैन। कृषि उत्पादनका लागि राम्रो बजार भए मात्र किसान टिक्न सक्छ। सरकार विदेशीको लम्पसारवादी छ। किसानहरूलाई भोट हाल्ने खेलमा मात्र सीमित राखेका छन्।

त्यसैगरी भूमि तथा सीमाविद् वुद्धिनारायण श्रेष्ठले कृषि भुमिमा व्यवसायिक वितरण अव्यवहारिक छ। सरकारले गर्दै आएको नीति कार्यक्रम चिरफार गर्न जरुरी छ।

अहिलेको समय प्रविधिको जमाना छ। कृषिलाई चुस्त दुरुस्त राख्न जरुरी छ। भूमि माथि थुप्रै विकृतिहरू छन्। २०१७ सालमा राजा महेन्द्रले छुट्याउन खोजेको थिए। भू-उपयोग नीति बग्गी अगाडि र घोडा पछाडि जस्तै भएको छ। भूमि र किसानको वर्गिकरण सामान्य खालको वर्गिकरण हो। वैज्ञानिक रुपमा गरिएको छैन। मल्लकालमा ल्याएको अब्बल द्वयम् सिमको नीति जति पनि लागु गर्न सकेको छैन। पहाड र तराईको काठमाडौंको जस्तो उर्वर भूमिलाई हचुवा तरिकामा कर्मचारी तन्त्रबाट ल्याएको जस्तो छ। संसारमा भूमि मापन गर्ने तरिका छ। १९२३ मा फिनल्याण्ड सरकारले तराई र पहाडमा ४/५ प्रकारको वर्गिकरण कार्यक्रम लागु गरिएको थियो। भूमिको न्यायपूर्ण व्यवस्थापन, मापदण्ड र वर्गिकरणमा गएन भने ठूलो नोक्सान हुनेछ। जग्गाको हदवन्दी २०४८ सालम ल्याएको प्रस्ताव हो।

सबै प्रकारको सामन्ति भूमि व्यवस्थापन आधुनिक ढंगले गर्नुपर्छ। जबस जस्तो सामान्ति भू-व्यवस्था कार्यक्रम छ। मोहियानीहरूको स्वामित्व समाप्त गरेर वैद्य स्वामित्वको हक कायम गर्नु पर्छ। मन्दिर मठाधीशहरूको भोगचलन ३ प्रकारको छ। करपोरेट फार्मिङ्गको लागि वदेशी कम्पनीहरू ल्याउन खोजिएको छ। कृषिलाई आधुनिक परियोजना भित्र हेर्दा राम्रो लाग्छ तर त्यसमा हुने खाने वर्गनै संलग्न भएको देखिन्छ। वास्तविक किसान जसको जोत उसको पोत नै हो। तर, पनि केही सुधारहरू गर्न सकिन्छ।

त्यसैगरी अर्का नेता तथा पूर्व वातावरण मन्त्री गणेश शाहले प्रविधीलाई पटक्कै ध्यान दिइएन। जलवायु परिवर्तन हुँदै गइरहेको छ। हामीले पनि सिक्दै जानु पर्छ। (जिएमएस) जस्तै उसको १ रुपैयाँ र हाम्रो १० रुपैयाँ भएपछि कसले किन्छ ?

"रौतहटका किसानको भनाई छ, वयसरी मेरा जीवन" कृषि मजदुर न्यून्तम् ज्याला सामाजिक सुरक्षा र नयाँ प्रविधि दिनु पर्छ। अनुसन्धानको काम त धेरै गाह्रो छ।

त्यसैगरी नेकपा मसालका प्रवक्ता रामप्रकाश पुरीले किसान महत्वपूर्ण शक्ति हो। वर्गिय चरित्रलाई किसानको धारबाट हेर्ने राजनीतिक माध्यमबाट किन लरखराउनु पर्‍यो। २ तिहाईको सरकार छ। संविधानमा लेख्दैमा समाधन हुन्न। सरकारले कार्यन्वयन गर्छन् भने हामी साथ दिन तयार छौं। नेपालमा समान्तवाद छ। क्रान्तिकारी वर्गलाई टाढा राख्यो भने केही गर्न सक्दैन। अहिले कम्तिमा पनि वामपन्थी सरकार छ। १९५० को सन्धी खारेज गरे पनि हुन्छ।

त्यसैगरी त्यस कार्यक्रमका अध्यक्ष सीताराम तामाङ्गले देश करपोरेट फार्मिङ्ग तर्फ बढेकाले वास्तविक किसानहरू चिन्ताजनक अवस्थातिर गइरहेको बताउनु भयो। क्रान्तिकारी भूमि सुधार लागु गरि भूमिको समस्या हल गर्नु पर्छ। किसानले उत्पादन र सरकारले बजार व्यवथापन नगरे तराई र पहाडको जमिन सबै बाँझो रहने छन् युवाहरू खाडीमा जान रोकिदैन। करपोरेट फामिङ्गबाट नेपाली कृषिको माथि उठ्न सक्दैन।



अर्थात भूमिहिन किसान, दफा ५ को उप-दफा क) मा उल्लेखित थोरै जमिन भै आफ्नो खर्चले बढी खेती गर्न खोज्ने किसान। दफा ५ को उप-दफा ख) मा उल्लेखित जमिन्दारी दफा ५ को उपदफा ग) मा उल्लेखित वितरण हुनेछ। र बाँकी २० प्रतिशत जग्गा प्रधान अर्थात अर्ध सरकारी दफा ५ को उप-दफा घ) मा उल्लेखित र सरकारी दफा ५ को उप-दफा ङ) मा उल्लेखित रुपमा आवाद र रस्तिवस्ति बसाल्ने प्रबन्ध गरिनेछ। यसरी वितरण गर्दा १० बिगाह भन्दा बढी क्षेत्रफलको जग्गा पच्चिस प्रतिशत भन्दाबढी अनुपातमा दिइने छैन।

घ) चरन:- नयाँ आवादीमा सामूहिक चरन र चाराको बन्दोवस्त गरिनेछ।

ङ) वन बाटिका : - हरेक कृषकले अथवा जग्गा धनीले आफनो :- हरेक जग्गा धनीले आफ्नो घर खेतीपातीको औजार, बार बन्देज गर्न चाहिने काठ, स्याउला पतकर र केही जंगली चरा-चरुङ्गी र साना-साना चौपायहरू समेत पालन गर्न र त्यसबाट केही आम्दानी समेत उपलब्ध गर्ने केही जमिन वनमा परिवर्तन गर्न वन नीति अनुसार भो भने दर्ता गर्ने गराउनेछ।

७) खोलो पैरो नदीबाट बालु बुर्ज ग्रस्त क्षेत्रहरू- खोलो पैरो इत्यादी अनेक कृषिबाट उजादिदै पर्तिमा परिणत हुँदै गैरहेको जमिनको यस देशमा कमी छैन। मनुष्य कुनै हालतमा पनि प्रकृतिको विपरित जान सक्दैन। प्राकृतिलाई डोर्‍याउने शक्ति छ। अनेकन साना-साना खोलो खहरेहरूले यस देशमा लाखौं रोपनी जमिन बालु बुर्ज पर्तिमा परिणत गराउदै लगी रहेकाछन्। प्राकृतिक पद्धतिको अनभिज्ञताबाट मनुष्य निर्मित यो करोडौंको नोक्सानी नदी नालाहरूले जलखण्डहरू खास खोला नालाहरू मुहानहरू प्राकृतिक रुपमा राखी जमिनको र पानीको सदुपयोग गर्दै निरन्तर प्रयास र प्रयत्न गरे गराएमा प्रकृतिको सन्तुलन कायम राख्ने अविरल कोषिश गरेमा मनुष्यको निमित्त खास गरी कृषि र कृषकको निमित्त ठूलो आर्थिक उपलब्धी हुनेछ। यसकारण : -

क) पहाडी जग्गा खासगरी साह्रै भिराला जग्गाहरूमा पनि आवादी गर्ने चलन आईरहेकोले वनस्पतिक अभुषणहरू हीन हुँदै माटो छहारी विहिन भै बिलकुलनै खोलो पैरो आदि विध्वांसत्मक प्रकृतिको रोषको शिकार हुँदैगै खास खेतीको मात्र होइन जंगल नोक्सानीको साथ-साथै त्यस्तो आवादीका भूमि रसिलो आवादी जग्गा जमिनहरूमा मात्र होइन सारा वस्तिहरूको पनि क्षति पुर्‍याई राखेको देखिएकोछ। वर्तमान सन्ततीको मात्र होइन भावी सन्ततीको समेत सुमंगल कल्याणको सदैव ध्यानमा राख्दै यस्तो प्रकारका जग्गा जमिनको आवादी कार्य सम्पादन गर्दा किसिम किसिमका कान्लाहरू बनाई आवाद गर्ने दिनेछ।

*बाँकी २० प्रतिशत जग्गा प्रधान अर्थात अर्ध सरकारी दफा ५ को उप-दफा घ) मा उल्लेखित र सरकारी दफा ५ को उप-दफा ङ) मा उल्लेखित रुपमा आवाद र रस्तिवस्ति बसाल्ने प्रबन्ध गरिनेछ। यसरी वितरण गर्दा १० बिगाह भन्दा बढी क्षेत्रफलको जग्गा पच्चिस प्रतिशत भन्दाबढी अनुपातमा दिइने छैन।*

ख) नदीहरू घुम्तीलाई या नदीहरूलाई चाहिने फाँज भन्दा बढी जग्गा च्यापी अथवा नदीको फाँज ज्यादा तर बढी देखिएमा यस्तो घुम्ती सोझ्याई उकास जमिन हुन आएमा, नदीको नचाहिदो फाँच घटाईदिँदा उकास हुन आउने अथवा सार्वजनिक सुरक्षामा कुनै खलबल नहुने गरी नदीको चौडाई उकास हुन जाने देखिएमा यस्तो कार्य गर्दा उकास हुन आउने जमिन आवादीमा लगाइनेछ।

ग) नदी सुकेपछि वर्षातको भेल नआउन्जेलसम्मलाई खोलोको प्रवाह गतिरोधमा कुनै प्रकारको खलबल नपर्ने गरी अल्पकालिन खेती खासगरी आलु, ककरी, खरबुझा, तरबुझा इत्यादी फसल लगाउन मामुली शुल्क केवल आज्ञपत्र प्राप्तिको निमित्त शुल्क लगाई प्रत्येक सालको निमित्त उपरोक्त खेती गर्ने र गराउनेछ।

# दूधको मूल्यवृद्धि गर्ने : मन्त्री खनाल

काठमाडौं भाद्र स्वास्थ्योपचार गर्न सिङ्गापुर जानुभएका प्रधानमन्त्री केपी शर्मा ओली स्वदेश फर्किएपछि मात्रै दूधको मूल्य निर्धारण गर्न गठित समितिले कृषिमन्त्री चक्रपाणि खनाललाई प्रतिवेदन बुझाए पनि तत्काल



निर्धारण नहुने मन्त्रालय स्रोतले जानकारी दिएको छ।

कृषिमन्त्री चक्रपाणि खनाल पनि दूधको मूल्यवृद्धि गर्ने पक्षमा रहेको र मन्त्रालयमा आन्तरिक छलफल गरी प्रधानमन्त्रीको सहमतिमा मात्रै मूल्य कति र कसरी बढाउने भन्ने टुङ्गो लाग्ने मन्त्रालयका प्रवक्ता तेजबहादुर सुवेदीले जानकारी दिएका थिए। सुवेदीले कार्यदलले दूधको मूल्य निर्धारण सम्बन्धमा रायसुझावसहित प्रतिवेदन बुझाएकाले मन्त्रालयले दुग्ध संस्थान, निजी डेरी उद्योग र सरोकारवालासँग छलफल गरेर मात्र मूल्य निर्धारण गर्ने बताएका थिए।

प्रवक्ता सुवेदीका अनुसार, भारतबाट झोल दूध आयात् भइरहेको अवस्थामा स्वदेशी दूधको मूल्य बढाउँदा व्यापारीले चलखेल गर्न सक्ने र वास्तविक दूध किसानले बढेको मूल्य कसरी पाउँछन् भन्नेमा थप छलफल हुनुपर्छ। खुला सीमाका कारण भारतबाट कच्चा दूध आयात गरेकोमा मूल्य बढाइदिने बित्तिकै व्यापारीले आयातित दूध नै बिक्री गर्दा किसानको दूध नबिक्ने हुन सक्छ त्यतातर्फ पनि मन्त्रालयले ठोस निगरानी र अनुगमन गर्न जरुरी रहेको सुवेदीले बताए।

प्रधानमन्त्री ओली स्वदेश फर्किएपछि कृषिमन्त्रीले दूधको मूल्यवृद्धिसम्बन्धी प्रस्ताव प्रधानमन्त्रीलाई बुझाउने र त्यसपछि मात्रै दूधको मूल्यवृद्धिको टुङ्गो लाग्ने उनले बताए। प्रधानमन्त्री ओलीको स्वास्थ्योपचार झण्डै १ महिना लम्बिने स्रोतको दाबी छ।

गत साउन २९ गते दूधको मूल्य निर्धारण गर्न दुग्ध विकास बोर्डका अध्यक्ष बाबुकाजी पन्तको संयोजकत्वमा ८ सदस्यीय कार्यदलले प्रतिवेदन बुझाएको थियो। कार्यदलले ६/६ महिनामा दूध बढी उत्पादन हुने (लिङ्क सिजन) र दूध उत्पादन कम हुने (ड्राई सिजन)मा फरक-फरक मूल्य तोक्न प्रस्ताव गरेको थियो।

ड्राई सिजनमा प्रतिलिटर १० रुपैयाँ र लिङ्क सिजनमा ६ रुपैयाँ प्रतिलिटर बढाएर दूध बिक्री गर्न कार्यदलले प्रस्ताव पेस गरेका थिए।

# अण्डाको मूल्यमा एकरुपता ल्याउने : व्यवसायी

काठमाडौं अण्डा उत्पादक संघले अण्डाको मूल्यमा एकरुपता ल्याउने पहल गर्ने भएको छ । अण्डाको मूल्यमा एकरुपता नहुँदा किसान व्यवसायबाटै पलायन हुने अवस्था आएको भन्दै संघले मंगलबार ललितपुर पशु सेवा विभागको सभाकक्षामा अण्डा उत्पादक किसान र वितरकबिच छलफल गरी सो कुराको जानकारी गराएको हो ।

अहिले कृषकले पाउने मूल्य ठूलो अण्डाको प्रति क्रेट रु.२५५ र मध्यम अण्डाको प्रति क्रेट रु १७० भए पनि ठाउँअनुसार मूल्य प्रति क्रेट ३० देखि ४० रुपैयाँ फरक रहेको संघको ठहर छ । देशैभर अण्डाको मूल्यमा एक रुपता ल्याउन वितरकलाई निश्चित कमिसन निर्धारण गर्न लागिएको अण्डा उतपादक संघका केन्द्रिय अध्यक्ष शिवराम केसीले बताउनु भएको छ । साथै नेपाल अण्डा वितरक संघका महासचिव सूर्यमान शाक्यले ३ प्रतिशत भन्दा कम मुनाफामा अण्डा बिक्री वितरण गर्न नसकिने बताउनु भयो । मकैको मूल्य वृद्धि भएको वहानामा दाना उद्योगले दानाको मूल्य बढाउँदा किसानले लागत अनुसारको अण्डाको मूल्य पाउन सकेका छैनन् । प्रति गोटा अण्डा उत्पादन गर्न १० रुपैयाँ लागत पर्ने भएपनि अहिले किसानले ८ रुपैयाँ भन्दा बढी पाउन सकेका छैनन् ।

बजारीकरण र मूल्य निर्धारण गर्न सरकार गुहार्दै अण्डा व्यापारी

काठमाडौं भाद्र ३० लामो समयदेखि अण्डाको बजारीकरण र मूल्य निर्धारण नगर्दा अण्डा उत्पादक किसान अहिले मारमा परेका छन । मुलुक अण्डामा आत्मनिर्भर भएपनि सरकारको वेवास्ताका कारण पेशा संकट परेको व्यापारीको गुनासो छ । अण्डा उत्पादक किसानले उचित मूल्य पाउन सकेका छैनन् भने मूल्य निर्धारण हुन नसक्दा उपभोक्ता ठगिएका छन् ।

अहिले अण्डाको मूल्य निर्धारण, खपत अवस्था, विज्ञापन लगायतका नीतिगत कुरा स्पष्ट नहुँदा पनि अण्डा उत्पादक किसान र व्यापारी मारमा परेको अण्डा उत्पादक संघका अध्यक्ष शिवराम केसीले बताएका छन् । केसीका अनुसार सरकारले पोल्ट्री क्षेत्र अर्न्तगतको अण्डा व्यवसाय धरासायी हुने अवस्था आएकोछ ।

'सरकारसँग देशमा अण्डाको उत्पादन र खपत अवस्था कति हो, कति लागत लाग्छ त्यो तथ्याङ्क राख्नुपऱ्यो । त्यसको आधारमा उत्पादक किसानलाई प्रोत्साहन गर्नुपर्छ' केसील भन्नुभयो । 'लागतका आधारमा उचित मूल्य, बजारीकरण र विज्ञापनमा समेत फोकस गर्नुपर्ने हो । अहिलेसम्म यो क्षेत्रमा सरकारले कुनै नीतिगत कुराहरू स्पष्ट पार्न सकेन ।'



अण्डा उत्पादक किसान र पोल्ट्री क्षेत्रका समस्याका बारेमा सरकार गम्भिर नभए सडक आन्दोलन गर्ने चेतावनी दिए । अहिले दाना र उत्पादन लागत बढेपनि अण्डाको मूल्य नबढ्दा किसान र व्यापारी यो पेशाबाट नै पलायन हुने अवस्था रहेको उहाँको भनाई थियो । उहाँका अनुसार, विगत ३ वर्षअघि अण्डाको बजार मूल्य १५ रुपैयाँ थियो भने दानाको प्रतिकेजी मूल्य ३६ रुपैयाँ थियो । तर, अहिले दानाको मूल्य ५६ रुपैयाँ पुगेको र अण्डाको बजार मूल्य प्रतिगोटा ११ रुपैयाँ २ पैसा पर्ने स्थिति छ । तीन वर्षअघि अण्डा उत्पादक किसानले प्रतिगोटा अण्डा उत्पादन लागत १२ रुपैयाँ पाउने गरेपनि अहिले दाना र उत्पादन लागत बढ्दा प्रतिगोटा ८ रुपैयाँ मात्र मूल्य पाएको अध्यक्ष केसीले बताए ।

त्यसैगरी पशु सेवा विभागका महानिर्देशक वंशी शर्माले अण्डा उत्पादक लागत निर्धारण र बजारीकरण लगायतका समस्यामा गम्भिर रहेको बताउनु भएको छ । शर्माले तत्काल कार्यदल गठन गरी प्रतिवेदनका आधारमा समस्या हल गर्ने आश्वासन दिएका छन् । विभागले अण्डाको मूल्य निर्धारण नगर्ने भन्दै त्यसको लागि सम्बन्धित मन्त्रालय र वाणिज्य मन्त्रालयसँग समन्वयन गर्ने बताए ।

**माग पूरा नभए आन्दोलन गर्ने :**

अण्डा उत्पादन व्यवसाय क्षेत्र, उत्पादन लागत, बजारीकरण, विज्ञापन र बजार मूल्य निर्धारण लगायतका अण्डा उत्पादक किसानका समस्यामा गम्भिर नभए सडक आन्दोलन गर्ने संघले जनाएको छ । संघका अध्यक्ष केसीले पटक-पटक समस्याका बारेमा जानकारी गराएपनि कुनै सुनुवाई नभएकाले आन्दोलन गर्ने चेतावनी दिएका हुन् ।

साथै अण्डाको मूल्यले खर्च धान्न नसकेपछि व्यावसायबाट विस्थापित हुने अवस्थामा आएको अण्डा उत्पादक किसानले गुनासो गरेका छन् । अण्डा उत्पादक किसानले पशु सेवा विभागको ध्यानाकर्षण गराउँदै अण्डाको मूल्य निर्धारणमा सरकारले हस्तक्षेप नगरे आत्मनिर्भर क्षेत्र धरासायी बन्ने चेतावनी समेत दिएका हुन् ।

नेपाल अण्डा उत्पादक संघका केन्द्रीय अध्यक्ष शिवराम केसीका अनुसार अण्डा बिक्न छाडेको छ । संघले ठूलो अण्डा प्रतिक्रेट फार्म मूल्य रू.२७० तोके पनि हाल कृषकको फार्मबाट रू.२२५ को हाराहारीमा बिक्री भैरहेको छ । खपत बढ्न नसक्नु र उत्पादन बढी भएकाले कृषकले मूल्य नपाएको केसीको भनाई रहेको छ । दैनिक २९ लाख गोटा अण्डा उत्पादन हुने गरेको भन्दै केसीले लागत मूल्य नपाएका कारण कृषक मर्कामा परेको बताए । संघको अनुसार एउटा अण्डा उत्पादन गर्न रू.१० भन्दा बढी खर्च हुने भए पनि अहिले कृषकले रू.७ को हाराहारी मात्र पाएको बताएका छन् । एउटै अण्डामा रू.३ भन्दा बढी नोक्सान बेहोर्नु परेका कारण कृषक विस्थापित हुने अवस्थामा पुगेको संघले भनाई रहेको छ ।

त्यसैगरी अण्डाको मूल्य निर्धारणमा पशुसेवा विभागको भूमिका नरहेको पशुसेवा विभागको महानिर्देशक वंशी शर्माले बताउनु भएको छ र तर शर्माका अनुसार कार्यदल बनाएर समस्याको समाधान गर्ने शर्माको अठोट लिएको छ । अण्डा उत्पादक लागत निर्धारण र बजारीकरण लगायतका समस्या गम्भिर रुपमा उठेपनि बजारमा हस्तक्षेप गर्न नसकिने बताए । उखु, धान लगाएतका केहि कृषि उपजमा सरकारले समर्थन मूल्य निर्धारण गरेपनि अण्डाको समर्थन मूल्य निर्धारण गर्ने अधिकार पशु सेवा विभाग सँग नभएको त्यसो गर्न नसकेको बताए । बरु मूल्यमा भएको समस्या समाधान गर्न तत्काल कार्यदल गठन गरी प्रतिवेदनका आधारमा समस्या हल गरिने आश्वासन दिएका छन् । विभागले अण्डाको मूल्य निर्धारण नगर्ने भन्दै त्यसका लागि सम्बिन्धत मन्त्रालय र वाणिज्य मन्त्रालयसँग समन्वयन गरिदिने शर्माले बताउनु भयो ।



# किसानको सरकार भन्छन ? किरण

*आन्दोलन कस्को विरुद्ध गर्ने ? जनसुकै कुरा सकारात्मक भएपनि गुठी विधेयक भिन्न प्रकृतिको भएकाले भिन्दै तरिकाले समाधान खोजिनु पर्छ । जातिय, वर्गिय, बीचमावादमा एकता हुने पर्छ । एउटा वर्गको हातबाट अर्को वर्गको हातमा जानु भनेको क्रान्ति हो । केही पनि परिवर्तन भएको छैन । केही त भएको छ, तर आमूल परिवर्तन भएको छैन ।*

✍धनबहादुर मगर

काठमाडौं भाद्र २७ गते अखिल नेपाल किसान महासंघ (एफीएफए), अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी)को संयुक्त आयोजनामा किसानको समस्या र त्यसको समाधान विषयक वृहद अन्तर्क्रियात्मक कार्यक्रम नेकपा क्रान्तिकारीका महासचिव मोहन वैद्य किरणको प्रमुख आतिथ्यमा सम्पन्न भएको छ ।




कार्यक्रमको प्रमुख अतिथि मोहन वैद्य किरणले नेपालमा नयाँ जनवादी क्रान्ति भएको छैन । क्रान्तिकारी भूमि सुधार यो सकारबाट हुन सक्दैन, कस्को विरुद्ध आन्दोलन गर्ने ? सरकारमा गएका साथीहरू कम्युनिष्ट त होइनन् ।

नवउपनिवेशवादको विरुद्ध बोल्नु पर्छ । अर्ध सामन्ति, अर्ध औपनिवेशिकवाद र नव औपनिवेशिक भन्नु पर्छ कि जस्तो छ ।

आन्दोलन कस्को विरुद्ध गर्ने ? जनसुकै कुरा सकारात्मक भएपनि गुठी विधेयक भिन्न प्रकृतिको भएकाले भिन्दै तरिकाले समाधान खोजिनु पर्छ । जातिय, वर्गिय, बीचमावादमा एकता हुने पर्छ । एउटा वर्गको हातबाट अर्को वर्गको हातमा जानु भनेको क्रान्ति हो । केही पनि परिवर्तन भएको छैन । केही त भएको छ । तर आमूल परिवर्तन भएको छैन । भारतको संविधानमा पनि समाजवाद लेखिएको छ । वैज्ञानिक समाजवाद के हो ? किसान आन्दोलन अठोटका साथ अगाडी बढाऔं । नेपाली कांग्रेसले कम्युनिष्ट सरकारले खत्तमै पाऱ्यो भन्छन् हामी कम्युनिष्ट पार्टीको सरकारै होइन भन्छौं ।

अर्का अतिथि अखिल नेपाल किसान महासंघका सल्लाहकार राष्ट्रियसभा सदस्य बलराम बाँस्कोटाले कर्मचारी, सेना, प्रहरी सबैको पहिचान छ जसले खेती किसानी गरेर अन्न खुवाउँछ उसको पहिचान छैन । "बोरा भित्रको आलु ठानी रहेको छ । बोराभित्रको आलु हुन भनेर सम्भि रहेको छ कि एंगेल्सले भने जस्तै किसानहरूलाई भोट बैंक रुपमा नलेउ भनेको थिए । जब किसानरू एकजुट हुँदैनन् तबसम्म पूँजीवादी अर्थतन्त्र रहिरहन्छ । पूँजीवादी अर्थतन्त्रलाई नै बलियो बनाई राख्छ । कृषि क्षेत्रमा संकट निम्त्यायो । ब्राजिलले कृषिलाई मुनाफाको वस्तु हुन सक्दैन भनेर भनिरहेको छ । कलेक्टिभ फार्मिङ्ग, आन्दोलनको क्रममा एशियाली किसान आन्दोलनमा छन् । त्यस आन्दोलन नेपालको किसान आन्दोलन पनि एक अंग बनिसकेको छ । २०२१ सालमा भूमि सुधारको नाममा सामन्ति सत्ता टिकाउन षड्यन्त्र गरेको थियो ।

२ करोड भूमि कित्तावन्दी भएको छ । ३ करोड जनसंख्या छ । कृषिमा डिस्करेज हुने अवस्था

*वहुराष्ट्रिय कम्पनीहरूको संरक्षण गर्नु पर्ने त्यो पनि गर्न सकिरहेको छैन । यही बसौला गरि खाउँला भन्दा पनि, कृषि गरेर घाटा खानु भन्दा पनि विदेशमा जानु राम्रो देखिएको कारण युवाहरू विदेशिएको छ । सरकारले दिएको अनुदान किसानसम्म पुग्दैन । कृषिलाई औद्योगिकीकरण नगरे अर्थतन्त्र बलियो हुनै सक्दैन । कृषि क्षेत्रको आवश्यकता अनुरुप राज्यले सहयोग गर्नु जरुरी छ ।*

आएको छ । कृषिमा काम गर्नेहरू खाडी तर्फ जान छोडेको छैन । जग्गा कहाँ छ र, जग्गा दिने ? बाँझो जमिनलाई सरकारको जग्गा बनाउने काम बाहेक विकल्प छैन । सामन्तिहरूको भन्दा नेपालमा एउटा क्रान्तिको आवश्यकता छ सरकारको यो भूमि ऐन आम किसानहरूको हित हुन सक्दैन । हामी राष्ट्रिय रुपमा लडिरहेको छौं । वैधानिक बाटो हुँदा-हुँदै अवैधानिक बाटो समात्नु पर्छ जस्तो मलाई लाग्दैन । वैज्ञानिक भूमि सुधार गर भनेर संविधानमा छ । सामन्ति भूस्वामित्व व्यवस्थापन अन्त्य गर्ने अधिकार संविधानले दिएको छ । सरकार लरखराईरहेको छ । हडबडाई रहेको छ । विवादित प्रश्न छलफल गरि विदेशीले भूमि हडप्ने प्रयासबाट बचाउनु पर्छ । कृषि भूमिलाई विदेशी लगानीबाट जोगाउनु पर्छ ।

अर्का अतिथि पूर्व विज्ञान तथा वातावरण मन्त्री गणेश शाहले भूमि यथावत् छ । जनसंख्याको ३ करोड पुगेको छ । अब खेतीयोग्य जमिन प्लटिङ्ग गर्न रोक्नै पर्छ । सिँचाई पानीको समस्या बुझ्नु पर्छ । पानीको स्रोतको विषयमा सम्बन्धित किसानले बुझ्नु पर्थ्यो । म्युनिसिपलबाट मेशिनरीमा जानु पर्छ । हलो प्रविधिबाट मेशिनरी प्रविधिमा जानु पर्छ । हलोको उन्मूलन गर्नु पर्छ ।

त्यसैगरी अर्का नेतृ राष्ट्रिय जनमोर्चाको उपाध्यक्ष दुर्गा पौडेलले कृषियोग्य जमिनहरू प्लटिङ्ग गरेर मासिसकेको बताउनु भएको छ । सरकारको कमजोरी छ । किसानको हातमा जमिन छैन । जग्गा जमिनहरू सरकारबाट अधिग्रहण गरिनु पर्छ । वहुराष्ट्रिय कम्पनीहरूको संरक्षण गर्नु पर्ने त्यो पनि गर्न सकिरहेको छैन । यही बसौला गरि खाउँला भन्दा पनि, कृषि गरेर घाटा खानु भन्दा पनि विदेशमा जानु राम्रो देखिएको कारण युवाहरू विदेशिएको छ । सरकारले दिएको अनुदान किसानसम्म पुग्दैन ।